**इन्द्रायणी बचत तथा ऋण सहकारी संस्था लि.**
हाकुफोहिटि चोक-२, भक्तपुर, ०१-६६१६८३७

**१८ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

**कार्यक्रम**

**मिति** : २०८३/०६/१७ गते, शनिबार
**स्थान** : नेवा ननि, सल्लाघारी, भक्तपुर
**समय** : बिहान १०:०० बजेदेखि

**पुनश्च** :
- २०८३ असार मसान्तसम्म नियमित बचत नगर्ने सदस्यहरू, बाल बचतकर्ताहरू तथा ऋणको सावाँ ब्याज नियमित नभएका सदस्यहरू संस्थाबाट प्रदान गरिने खाजा खर्च सुविधाबाट वञ्चित हुनेछन् ।
- साधारणसभामा भाग लिन अनिवार्य **पासबुक** वा संस्थाले प्रदान गरेको **परिचयपत्र** साथमा राखी स्वयम् उपस्थित हुनुपर्नेछ । अन्यथा संस्था खाजा खर्च प्रदान गर्न असमर्थ हुनेछ ।

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

**चोछें छुमा गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
चोछें, भक्तपुर-६, ०१-६६१९१९६, Email: ccgsacos07@gmail.com

**१९ औं वार्षिक साधारणसभा सम्बन्धी जानकारी**

**कार्यक्रम**

**मिति** : २०८३/०६/१८ गते, आइतबार
**स्थान** : महाकाली पीठ, महाकालीस्थान, भक्तपुर-६
**समय** : बिहान ११:०० बजे
**हाजिरी** : बिहान १० बजेदेखि कार्यक्रम अवधिभर ।

**पुनश्च** :
- २०८३ असार मसान्तसम्म नियमित बचत नगर्ने सदस्य र बाल बचतकर्ताहरू र ऋणको सावाँ ब्याज नियमित नगर्ने सदस्यहरूलाई संस्थाले प्रदान गर्ने खाजा खर्च वितरण गरिनेछैन ।
- साधारणसभामा भाग लिन अनिवार्य रूपमा पासबुक वा संस्थाले प्रदान गरेको परिचयपत्र लिएर स्वयम् उपस्थित हुन अनुरोध छ । अन्यथा संस्थाले प्रदान गर्ने खाजा खर्च प्रदान गर्न असमर्थ हुनेछौं ।

★ वर्ष : २८ ★ अङ्क : २५३ ★ ने. सं. ११४६ ञला गा, सप्तमी ★ शनिबार ★ १७ असोज, २०८३ ★ October 3, 2026, Saturday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

## राजनीतिक पार्टीहरू देशभक्त हुनुपर्नेमा जोड

बर्दिया, १६ असोज । नेपाल मजदुर किसान पार्टी बर्दिया जिल्ला समितिको आयोजनामा शुक्रबार भुरीगाउँमा कार्यकर्ता भेटघाट कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले राजनीतिक पार्टीहरू देशभक्त हुनुपर्नेमा जोड दिँदै देशभक्त राजनीतिक पार्टीले मात्र नेपाली जनताको भरमा आन्दोलन गर्नेछ भन्नुभयो ।

विदेशी पैसा र विदेशीको सल्लाहमा आन्दोलन गर्ने र देश जलाउनेहरू देशघाती नै भएको र देशभक्तहरूले आफ्नो देशलाई जलाउन नसक्ने उहाँले स्पष्ट पार्नुभयो ।

पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईंले विश्वमा तापक्रम बढाउन धेरै प्रदूषण गर्ने संरा अमेरिकालगायत साम्राज्यवादी देशहरू हुन् भन्नुभयो ।

नेपालले वातावरण जोगाउन फोक्सोको रूपमा काम गरिरहेको भए पनि भोटेकोसी बाढीजस्तो विपत्ति र क्षति व्यहोर्न बाध्य भएको

***बाँकी पृष्ठ ८ मा***

# निर्वाचनमा जटिलता बढाउनभन्दा पनि जटिलता न्यूनीकरणतिर लाग्न जरुरी

काठमाडौँ, १६ असोज । निर्वाचन आयोगको आह्वानमा आयोगको कार्यालय जमलमा राजनीतिक दल र आयोगबिचको छलफल कार्यक्रम शुक्रबार भयो । विदेशमा रहेका नेपालीहरू तथा अन्तर जिल्लाबाट मतदानको व्यवस्था गर्ने तथा निर्वाचन व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग विषयमा उक्त छलफल आयोजना भएको थियो ।

छलफलमा सहभागी अधिकांश दलका प्रतिनिधिहरूले विदेशमा रहेका नेपालीहरूलाई मतदानमा सहभागी गराउने कुरामा सैद्धान्तिक विमत्ति नरहे पनि निकै ठुलो प्रक्रियागत चुनौती रहेको धारणा राखेका थिए ।

छलफलमा भाग लिँदै नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले निर्वाचनमा जटिलता बढाउनेतिरभन्दा पनि न्यूनीकरण गर्नेतिर लाग्न जरूरी रहेको र देशको निम्ति त्यही हितकर हुने धारणा राख्नुभयो ।

उहाँले विद्यमान अवस्थामा नै निर्वाचनको निष्पक्षता, स्वच्छताबारे प्रश्न बरोबर उठ्ने गरेको यथार्थ अस्वीकार गर्न सकिन्न भन्दै दोहोरो नागरिकता, विदेशमा नागरिकता लिइसकेको अवस्था जाँचबुझ गर्ने संयन्त्र, निकाय, प्रविधिबारे हामी कति तयार अवस्थामा छौँ ? त्यसको पनि अध्ययन-छलफल हुन आवश्यक छ भन्नुभयो ।

संसारमा प्रविधिको व्यापक दुरूपयोग भएका घटना तथा साइबर हमला भइरहेको तथ्यलाई बेवास्ता गर्न नमिल्ने बताउँदै केन्द्रीय सदस्य गोसाइले आफ्नो नियन्त्रणमा नहुने विदेशी प्रविधि प्रयोग गर्दा हामी कहाँ पुग्छौँ भनी प्रश्न उठाउनुभयो ।

उहाँले अगाडि भन्नुभयो, "निर्वाचन देशको सम्प्रभुता रक्षा वा देशको रक्षाको निम्ति गर्ने हो । के हरेक पटक त्यसको मूल्यमा हामी निर्वाचन गर्छौं ? स्वदेशमै रोजगारी वा कामको अवसर दिने महत्त्वपूर्ण राष्ट्रिय हितबाट भाग्नेभन्दा पनि दीर्घकालीन हितलाई टेवा पुऱ्याउने काम होस् ।"

स्थानीय तहको निर्वाचनको सन्दर्भमा स्थानीय जनतालाई नै निर्णय गर्ने अधिकार दिनुपर्छ भन्ने नेमकिपाको ठहर रहेको प्रस्ट पार्दै अन्यथा स्थानीय निकायको विकास कहिल्यै हुनेछैन भन्नुभयो । उहाँले अगाडि भन्नुभयो, "हामी फेरि केन्द्रीकरणतिर जाँदै छौँ कि सङ्घीयता लागू गर्न चाहन्छौँ ? सङ्घीयताको मूल उद्देश्य त विकेन्द्रीकरण हो । देशलाई विकेन्द्रीकरण, सन्तुलित तथा समानुपातिक विकासतिर लानैपर्छ । जनसङ्ख्याको समेत केन्द्रीकरण देशको निम्ति घातक बन्दै छ । निर्वाचनको माध्यमबाट केन्द्रीकरणलाई अनुमोदन गरी देशलाई कमजोर नबनाऔँ ।"

उहाँले नेमकिपाले राज्यले कोष लगानी गर्ने र निर्वाचन प्रचारमा निजी लगानीको कडा विरोध गर्दै आएकोमा जोड दिँदै हामी अझै पनि त्यसको विपक्षमा छौँ, यो विषय देशको दीर्घकालीन हितमा छैन भन्नुभयो ।

कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्कीले राजनीतिक दल र आयोगको आपसी सहयोग एवम् सहकार्यमा लोकतान्त्रिक पद्धति बमोजिम निर्वाचनका सबै पक्षमा समयानुकूल सुधार गर्न सकिने भएको हुँदा सबै दलबाट उल्लेखनीय सहयोग प्राप्त भइरहेको र आगामी दिनमा पनि यस्तो सहयोग उपलब्ध हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा आयोगका निर्वाचन आयुक्त डा. जानकीकुमारी तुलाधर, सगुनशमशेर ज.ब.रा., गुरूप्रसाद वाग्ले, डा. राजीव सुब्बा र आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराई समेतको उपस्थिति रहेको थियो ।

## कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - १३४

**तत्कालीन राष्ट्रिय अनुसन्धान विभागका प्रमुख हुतराज थापा**

गुप्तचर संस्था राज्यको निकै महत्त्वपूर्ण अङ्ग हो । गुप्तचर निकायले सम्भावित खतरा र अवसरहरूको बारेमा चेतावनी दिने, प्रस्तावित नीति विकल्पको सम्भावित परिणामको मूल्याङ्कन गर्ने, विदेशी अधिकारी/निकायहरूको गुप्तचरी कार्यमा निगरानी गर्ने र सुरक्षा खतराहरूको बारेमा जानकारी दिने प्रमुख जिम्मेवारी हो ।

भदौ २३ गतेको घटनामा ३ हजार देखि ५ हजारसम्म प्रदर्शनकारीहरू जम्मा हुने नेपालको गुप्तचर संस्था राष्ट्रिय अनुसन्धान विभागको आङ्कलनको भरमा सबै सुरक्षा निकायहरूले आवश्यक सुरक्षा योजना तयार गरी कार्यान्वयन गरेको भनी काठमाडौँका प्रमुख जिल्ला अधिकारी र प्रहरी अधिकारीहरूले आयोग समक्षको बयानमा उल्लेख गरेका छन् । प्राप्त सूचना र वास्तविकताबिच ठुलो अन्तर हुनुमा राष्ट्रिय अनुसन्धान विभागको ठुलो व्यवसायिक कमजोरी भएको कुरामा कुनै विवाद छैन । राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन प्रमुखले विभागसँग सूचना सङ्कलन गर्ने आन्तरिक संयन्त्रहरूको सीमितताबारे उल्लेख गरेका छन् । उनको भनाइमा प्रदर्शन हुनुपूर्व र प्रदर्शनपछि

***बाँकी पृष्ठ २ मा***

## एकपक्षीय दबाबमूलक उपाय हटाउन २८ देशको आग्रह




संयुक्त राष्ट्रसङ्घ, १६ असोज (सिन्ह्वा) । चीन, रूस, इजिप्ट र इरानसहित २८ देशले अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेप हुने तथा बहुपक्षीय व्यवस्थालाई कमजोर पार्ने भन्दै एकपक्षीय दबाबमूलक उपाय तत्काल अन्त्य गर्न अन्तर्राष्ट्रिय समुदायलाई आह्वान गरेका छन् ।

संयुक्त राष्ट्रसङ्घका लागि चीनका स्थायी प्रतिनिधि फु कङले एकपक्षीय दबाबमूलक उपाय अन्तर्राष्ट्रिय अशान्ति र अव्यवस्थाको प्रमुख कारण बनेको बताउनुभयो । उहाँले विकासोन्मुख देश र त्यहाँका जनताले अझै त्यस्ता उपायको भार वहन गरिरहेको उल्लेख गर्नुभयो ।

फुका अनुसार माध्यमिक प्रतिबन्ध र अत्यधिक अनुपालनले त्यस्ता उपायलाई थप जटिल बनाएको तथा यसबाट मानवीय र आर्थिक चुनौती बढ्नुका साथै खाद्य, ऊर्जा र वित्तीय सुरक्षामा जोखिम थपिएको छ ।

उहाँले शुल्कलाई एकपक्षीय दबाबको साधनका रूपमा प्रयोग गर्ने क्रम बढ्दा आर्थिक तथा व्यापारिक विषय थप राजनीतीकरण भएको बताउनुभयो । यसले बहुपक्षीय व्यापार प्रणाली र

***बाँकी पृष्ठ २ मा***

**वागीश्वरी माध्यमिक विद्यालय**
च्याम्हासिंह, भक्तपुर-९, फोन नं.: ६६१४३९१, ६६१३०४१

**आवश्यकतासम्बन्धी सूचना**

**(प्रथमपटक प्रकाशित मिति २०८३/०६/१७)**

यस विद्यालयमा आवश्यक तपसिलअनुसारको शिक्षक/कर्मचारी विद्यालयको आन्तरिक स्रोतबाट व्यहोर्ने गरी पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरूले ७ दिनभित्र (२०८३/०६/२६ गतेभित्र) विद्यालय प्रशासनबाट रू. १००।- तिरी प्राप्त गरेको आवेदन फाराम भरी आवश्यक कागजातको प्रतिलिपि र परीक्षा दस्तुरसाथ बुझाउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| पद | सङ्ख्या | न्यूनतम शैक्षिक योग्यता | उमेर | परीक्षाको किसिम | परीक्षा शुल्क रू. | ग्राह्यता |
|---|---|---|---|---|---|---|
| मा.वि. (कक्षा ९/१०) विज्ञान विषय शिक्षक | १ (एक) | सम्बन्धित विषयमा कक्षा स्नातक तह वा सो सरह उत्तीर्ण | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | लिखित, प्रयोगात्मक र अन्तर्वार्ता | १,०००।- | अनुभवी |
| बनसी ब्लक इन्चार्ज | १ (एक) | कक्षा १२ वा सोसरह उत्तीर्ण | | | ५००।- | अनुभवी र तालिम प्राप्त |
| सुरक्षागार्ड | १ (एक) | साधारण लेखपढ | | अन्तर्वार्ता | ३००।- | |

**पदपूर्ति समिति**

*जनता म्वाःसा, भाषा म्वाइ*

थ्वहे वइगु ने.सं. ११४६ कौलाथ्व द्वादशी व त्रयोदशी (कार्तिक ६ व ७ गते) नेन्हुयंकं *सुथाय्सिया ११:०० ताःइलय्* निसिं याता, गोमारी-७, ख्वपय् जुइगु

**पीखुकगु नेपालभाषा साहित्य तःमुंज्या व सांस्कृतिक ब्वज्या**

तःजिक हानेता च्वसु (साहित्य) व सांस्कृतिक विधा दुथ्याकः दियता इनाप याङः च्वङा । नपां फयांफक्व हापं बियो तःमुंज्या स्वभ्मायता इनाप याङः च्वङा ।

**च्वसु (साहित्य) व सांस्कृतिक दुःथ्याकेगु थाय्**
क) पीखुकगु नेपालभाषा साहित्य तःमुंज्या, ग्वसाखलः गोमारी-७, ख्वप
Email: 46tamunjya1146@gmail.com
ख) Email: tamunjya1100@gmail.com
ग) 'मजदुर' दैनिक, कमलविनायक, नगांचा, भक्तपुर-१०

**स्वापुया निंतिं :**
: ०१-५९२५४६९ : nepalbhasatamunjya : 46tamunjya : tamunjya : 46Tamunjya
: NBSTamunjya : 46tamunjya1146@gmail.com : tamunjya1100@gmail.com : https://tamunjya.com

**पीखुकगु नेपालभाषा साहित्य तःमुंज्या**
ग्वसाखलः गोमारी-७, ख्वप
स्वापु ल्याः ०१-५९२५४६९

सुचं : तःमुंज्यासं दुथ्याकेगु साहित्यया खाँग्वः २००० स्वयो म्हवाँ व १० मिनेटया दुनय् ब्वने सिधय्के मः ।
साहित्य व सांस्कृतिक विधा दुथ्याकेगु लिपांगु न्हि ल्या : नेपाल सम्बत ११४६ ञलागा त्रयोदशी (२०८३ असोज २२), बिहिबाः तक



भक्तपुरको हनुमानघाट परिसरको सरसफाइ कार्य गर्दै सफाइ मजदुर तथा स्थानीय जनता शुक्रबार ।
*तस्बिर : लक्ष्मीप्रसाद रञ्जित/मजदुर दैनिक*

# अन्तरविद्यालय शिक्षक कसिमला पाँय् प्रतियोगिता सम्पन्न



भक्तपुर, १६ असोज । आधारभूत विद्यालय समिति भक्तपुरको आयोजनामा बरदायणी आविको संयोजनमा शुक्रबार अन्तरविद्यालय शिक्षक कसिमला पाँय् प्रतियोगिता सम्पन्न भयो ।

प्रतियोगितामा आधारभूत विद्यालय समितिका अध्यक्ष तथा प्रतियोगिता संयोजन विद्यालयका प्रधानाध्यापक एवम् कार्यक्रमका सभापति कृष्णगोपाल आचार्यले आधारभूत विद्यालय समिति स्थापनाबाट विद्यालयबिच समन्वयसँगै शिक्षकशिक्षिकाबिच विभिन्न गतिविधि सञ्चालनमा सहकार्य भइरहेको बताउनुभयो ।

उहाँले आधारभूत विद्यालय समिति भक्तपुरबाट अवकाश प्राप्त शिक्षकशिक्षिकालाई समयसमयमा सम्मान गरिरहेको बताउँदै विद्यार्थीहरूको शैक्षिक स्तर अभिवृद्धिका लागि शारीरिक, मानसिक र बौद्धिक क्षमता अभिवृद्धि हुने विभिन्न गतिविधि सञ्चालन गरिरहेको जानकारी दिनुभयो ।

प्रतियोगिताका निर्णायक बुद्धिचालका अन्तर्राष्ट्रिय रेफ्री अर्थात् चिफ आर्विटर ज्ञानेन्द्र खाइजुले खेललाई चेससँग जोडेर वैज्ञानिक रूपमा मूल्याङ्कनका लागि स्वीस लिगबाट खेल सञ्चालन भएको बताउनुभयो ।

कसिमला पाँय् प्रतियोगितामा पुरुष शिक्षकतर्फ सन्तति आविका सत्यराम कासिछ्वा प्रथम, गणेश माविका कृष्णभक्त केसी द्वितीय, तारा माविका पूर्णप्रसाद थिके तृतीय तथा जनसेवा आविका जीवन सुवाल सान्त्वना हुनु भएको थियो ।

महिला शिक्षकतर्फ गणेश माविका लक्ष्मीशोभा न्याईच्याई प्रथम, बालसेवक आविका बिमला त्योछिन द्वितीय, भीम आदर्श आविका उर्मिला प्रजापति तृतीय तथा नवीन आविका राज्यलक्ष्मी सैंजु सान्त्वना भएका थिए ।

प्रतियोगितामा विजयी शिक्षकहरूलाई आधारभूत विद्यालय समितिले वार्षिकोत्सवको अवसरमा पुरस्कार तथा प्रमाणपत्र वितरण गरी सम्मान गरिनेछ ।

आधारभूत विद्यालय समिति भक्तपुरमा तीन वटा माविसहित जम्मा २४ वटा विद्यालय रहेका छन् ।

# स्थानीय स्काउट कार्यालय भक्तपुर नगरपालिकाको स्काउट मास्टरको भेला

भक्तपुर, १६ असोज । नेपाल स्काउट बाग्मती प्रदेश स्काउट स्थानीय स्काउट कार्यालय भक्तपुर नगरपालिकाको आयोजनामा स्काउट मास्टरहरूको भेला शुक्रबार भयो ।

भेलामा भक्तपुर नगरपालिकाका उपप्रमुख तथा स्थानीय स्काउट प्रमुख रजनी जोशीले कार्यक्रमहरू रमाइलोको लागि मात्र गर्ने नभई त्यसबाट रचनात्मक ज्ञान पनि हासिल गर्नुपर्ने बताउनुभयो ।

उहाँले स्काउट मास्टर तालिमलाई आ–आफ्नो क्षेत्रमा सञ्चालन गरेर नयाँ स्काउट तयार गर्नुपर्ने बताउँदै आउने दसैंलाई पनि रचनात्मकरूपमा विभिन्न गतिविधिहरू सञ्चालन गरेर मनाउनुपर्ने विचार व्यक्त गर्नुभयो ।

अहिले सरकारले हप्ताको दुई दिन बिदा दिएर विद्यार्थीहरूको पढाइलाई समेत बिगारेको प्रसङ्ग निकालेर सोही बिदालाई सही सदुपयोग गरेर विद्यार्थीको भविष्य अझ राम्रो बनाउने काममा महत्त्वपूर्ण भूमिका स्काउटले खेल्नुपर्ने बताउनुभयो ।



स्थानीय स्काउट आयुक्त बालकृष्ण वनमालाले स्थानीय स्काउट कार्यालय भक्तपुर नगरपालिकाले विभिन्न समयमा विभिन्न गतिविधिहरू सञ्चालन गरिरहेको प्रसङ्ग निकाल्दै आगामी दिनमा विभिन्न गतिविधिहरू सञ्चालन गर्ने तालिका प्रस्तुत गर्नुभयो ।

आयुक्त वनमालाले ती कार्यक्रमहरूमा विभिन्न स्काउट ट्रुप र स्काउट मास्टरबाट सहयोग हुने विश्वास व्यक्त गर्नुभयो ।

स्थानीय स्काउट भक्तपुर नगरपालिकाका परिषद् सदस्य हरिगोविन्द श्रेष्ठले स्थानीय स्काउट कार्यालय भक्तपुर नगरपालिकालाई नगद रु. १० हजार सहयोग गर्नुभएको थियो ।

स्थानीय स्काउट आयुक्त बालकृष्ण वनमालाको सभापतित्वमा भएको कार्यक्रममा स्थानीय सामुदायिक विकास आयुक्त पुष्पा प्रजापति, शैक्षिक पद्धति आयुक्त पवनकुमार बल्ल, राजेश गाईंजू, पुण्यराम गोठेले पनि स्काउटलाई अझ राम्रोसँग अगाडि बढाउनुपर्ने आ–आफ्ना विचार व्यक्त गर्नुभएको थियो ।

***एकपक्षीय...***

विश्वव्यापी औद्योगिक तथा आपूर्ति शृङ्खलालाई प्रभावित पार्नुका साथै दिगो विकास लक्ष्य हासिल गर्ने प्रयासमा बाधा पुऱ्याएको उहाँले उल्लेख गर्नुभयो ।

एकपक्षीय दबाबमूलक उपायले जीवन, स्वास्थ्य, विकास र शिक्षाको अधिकारलगायत आधारभूत मानव अधिकारमा गम्भीर असर पार्ने पनि उहाँले बताउनुभयो ।

फुले २८ देशका तर्फबाट केही पश्चिमी देशलाई संयुक्त राष्ट्रसङ्घको बडापत्र र अन्तर्राष्ट्रिय कानुनप्रतिको प्रतिबद्धता पूरा गर्दै सबै एकपक्षीय दबाबमूलक उपाय तत्काल, बिनासर्त र पूर्ण रूपमा हटाउन आग्रह गर्नुभयो । उहाँले संयुक्त राष्ट्रसङ्घीय प्रणाली तथा अन्य अन्तर्राष्ट्रिय संस्थालाई त्यस्ता अभ्यासको विरोध गर्न र प्रभावित देशलाई कठिनाइ कम गर्न सहयोग गर्न आह्वान गर्नुभयो ।

***कार्की***

ऐक्यबद्धता जनाउने विभिन्न व्यक्ति, समूहहरूको सामाजिक सञ्जालका गतिविधिहरूका अलावा विरोधमा रहेका विभिन्न पक्ष र समूहको भेला, बैठक, अन्तरक्रियाको मनिटरिङ गरिएको थियो । तर, डिजिटल असन्तुष्टिका सङ्केतहरू ट्र्याक गर्ने प्रविधि, उपकरण तथा दक्ष कर्मचारीहरूका साथै कानुनी अड्चनका कारण ट्र्याकिङ गर्न नसकिएको विभागमा साइबर टेक्नोलोजी स्थापना गर्न पटक-पटक सरकारसँग अनुरोध गरिएको भए तापनि बजेट अभावमा स्थापना गर्न नसकिएको भन्ने भनाइ तत्कालीन रा.अ.वि.प्रमुख थापाको रहेको छ ।

भदौ २३ गतेको प्रदर्शनअघि जेनजी मुभमेन्टमा संलग्न हुनेहरूले प्रयोग गर्ने विभिन्न सामाजिक सञ्जालको विषयमा विभागका प्रमुखलाई सामान्य जानकारी मात्र रहेको बताएर राज्यको एउटा संवेदनशील गुप्तचर संस्थाका प्रमुख आफ्नो व्यवसायिक धर्मबाट पन्छिन खोजेको देखिन्छ । तर, सामाजिक सञ्जालमा प्रयोग हुने विभिन्न डिजिटल प्लेटफर्महरू र त्यसमा पनि एउटै प्रकारको प्लेटफर्म धेरै ग्रुपले प्रयोग गरी फरक-फरक सूचना साझा गरिराखेको अवस्थामा विभागलाई जानकारी भएन भन्नु उनले आफ्नो पदीय दायित्व पूर्णरूपमा निर्वाह गरेको पाइएन । सरकारले प्रतिबन्ध नगरेको टिकटक, एक्स, युट्युबजस्ता खुला स्रोत वा अन्य प्लेटफर्ममा उपलब्ध सामग्रीलाई समेत सामान्य अनुगमनसमेत गरेको देखिएन । भदौ २३ गते राति तत्कालीन सरकारले सुरक्षा निकायहरूसँग कुनै राय-परामर्श नगरी जेनजी प्रदर्शनकारीहरूको माग सम्बोधन गर्ने भनी सामाजिक सञ्जाल माथिको प्रतिबन्ध हटाएको कारणबाट सुरक्षा जोखिम बढ्न सक्ने भनी प्रतिबन्ध फुकुवा अगावै यसले पार्न सक्ने सुरक्षा चुनौतीबारे ठोस प्रमाणहरूसहित नेपाल सरकारलाई राज्य र आम नागरिकहरूको सुरक्षाको खातिर जानकारीसहित विश्वास दिलाई प्रतिबन्ध कायमै राख्नुपर्ने कार्यको नेतृत्वदायी भूमिका निर्वाह नगरी राष्ट्रलाई अपूरणीय क्षति पुऱ्याएको देखिन आयो ।

काठमाडौँ उपत्यका बाहिर कार्यरत रहेका राष्ट्रिय अनुसन्धान विभागका अधिकृतहरूसँग सामाजिक सञ्जालहरूमा सरकारप्रतिको असन्तुष्टिका विषयमा सामान्य जानकारी रहेको तर विस्तृत जानकारी नभएको भनी आयोगका पदाधिकारीलाई स्थलगत अनुगमन तथा अन्तरक्रियाको क्रममा जानकारी भयो । जिल्लाका गुप्तचर अधिकृतहरूमा उचित प्रशिक्षण र मनोबलको अभाव देखियो जसलाई सङ्गठन प्रमुखको नाताले समयमा नै सम्बोधन गरी आफ्ना मातहतका संयन्त्रहरूलाई चुस्तदुरुस्त राख्न नसकेको देखियो ।

राष्ट्रिय अनुसन्धान विभागजस्तो महत्त्वपूर्ण अङ्गको रूपमा रहेको निकायबाट भदौ २३ र २४ गतेको घटनाको बारेमा सही ढङ्गबाट सूचना सङ्कलित नभई राज्यका अन्य अङ्गहरूले परिस्थितिको सही आकलन गर्न नसक्दा देशले ठुलो जनधनको क्षति/हानि व्यहोर्नु पऱ्यो । विभाग प्रमुखको हैसियतले आफ्नो जिम्मेवारी पूर्णरूपमा बहन गरेको देखिएन ।

# रसुवा बाढीपीडितका लागि डिप्लोमा इन्जिनियर्स एशोसियसनको सहयोग अर्थसचिवलाई हस्तान्तरण

काठमाडौँ, १६ असोज । रसुवामा आएको बाढी तथा विपद्बबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि डिप्लोमा इन्जिनियर्स एशोसिएसनले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २ लाख ५ हजार ५ सय ५५ रूपैयाँ सहयोग गरेको छ ।

एशोसिएसनले सङ्कलन गरेको उक्त सहयोग रकमको चेक अर्थसचिव घनश्याम उपाध्यायसमक्ष हस्तान्तरण गरिएको हो । एशोसिएसनका अध्यक्ष कामेश्वरप्रसाद सिंहको नेतृत्वमा गएको टोलीले अर्थसचिव उपाध्यायलाई सहयोग रकमको चेक हस्तान्तरण गरेको जनाएको छ ।

रसुवामा आएको बाढीका कारण जनधनको क्षति हुनुका साथै स्थानीय बासिन्दाको दैनिक जनजीवन प्रभावित भएको अवस्थामा विपद्मा परेका नागरिकको उद्धार, राहत तथा पुन:स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले एशोसिएसनले उक्त रकम उपलब्ध गराएको हो ।

एशोसिएसनका अध्यक्ष सिंहका अनुसार प्राकृतिक विपद्का समयमा राज्यको उद्धार तथा राहत अभियानलाई सहयोग गर्नु सबै नागरिक तथा पेसागत संस्थाको साझा दायित्व हो । यही सामाजिक उत्तरदायित्वअन्तर्गत सदस्य तथा शुभेच्छुकबाट रकम सङ्कलन गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुने गरी सहयोग गरिएको हो ।

चेक हस्तान्तरण कार्यक्रममा एशोसिएसनका अध्यक्ष सिंहसहित पदाधिकारी तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो । टोलीले बाढी तथा अन्य प्राकृतिक विपद्बाट प्रभावित नागरिकको उद्धार र राहत कार्यलाई प्रभावकारी बनाउन सरकार तथा सम्बन्धित निकायलाई आग्रह गरेको थियो ।

डिप्लोमा इन्जिनियर्स एशोसिएसन मध्यम तहका प्राविधिक जनशक्ति अर्थात् सब-इन्जिनियरहरूको पेसागत हकहित, क्षमता विकास तथा व्यावसायिक अधिकारका लागि स्थापित संस्था हो । एशोसिएसनले मुलुकको पूर्वाधार विकासमा मध्यम तहका प्राविधिक जनशक्तिको महत्वपूर्ण भूमिका रहने भन्दै उनीहरूको पेसागत पहिचान र अधिकारलाई संस्थागत बनाउन विभिन्न पहल गर्दै आएको जनाएको छ ।

एशोसिएसनले डिप्लोमा इन्जिनियरिङ परिषद् गठन भएपछि सब-इन्जिनियर तथा डिप्लोमा तहका प्राविधिक जनशक्तिको पेशागत नियमन, प्रमाणीकरण, क्षमता अभिवृद्धि तथा हकहित संरक्षणमा थप स्पष्टता आउने अपेक्षा गरेको छ ।

एशोसिएसनले आगामी दिनमा पनि विपद् तथा सामाजिक सरोकारका विषयमा आफ्नो तर्फबाट सहयोग जारी राख्ने जनाएको छ । साथै, डिप्लोमा तहका प्राविधिक जनशक्तिको पेशागत अधिकार र संस्थागत पहिचानका लागि सरकार तथा सम्बन्धित निकायसँग आवश्यक समन्वय र पहललाई निरन्तरता दिने बताएको छ ।

## सङ्क्षिप्त समाचार

# विश्वकप क्रिकेट लिग–२ नेपाली टोलीको घोषणा

काठमाडौँ, १६ असोज । ओमानमा आयोजना हुने आइसीसी पुरुष विश्वकप क्रिकेट शृङ्खला–२ का लागि नेपाल क्रिकेट सङ्घ (क्यान) ले शुक्रबार १५ सदस्यीय टोलीको घोषणा गरेको छ ।

यही असोज २१ गतेदेखि सुरु हुने विश्वकप क्रिकेट लिग–२ मा आयोजक ओमानसँगै नेपाल र क्यानडाले प्रतिस्पर्धा गर्ने छन् । उक्त शृङ्खलाका लागि क्यानले सन्दीप लामिछानेको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरेको क्यानद्वारा शुक्रबार जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

टोलीमा कप्तान सन्दीपसँगै आसिफ शेख, दीपेन्द्रसिंह ऐरी, देव खनाल, इशान पाण्डे, रोहितकुमार पौडेल, अर्जुन कुमाल, सन्दीप जोरा, गुल्शन झा, बसिर अहमद, करण केसी, नन्दन यादव, ललितनारायण राजवंशी, साहब आलम र शेर मल्ल समावेश छन् । *(रासस)*

# दुर्घटनामा बस चालकको मृत्यु, ११ यात्रु घाइते

कपिलवस्तु, १६ असोज । शिवराज नगरपालिका–१ चोरखोलामा शुक्रबार ट्रक र बस आपसमा ठोक्किँदा बस चालकको मृत्यु भएको छ ।

पूर्व–पश्चिम राजमार्गमा पश्चिमबाट पूर्वतर्फ गइरहेको ना६ ख ३३३३ नम्बरको ट्रक र विपरीत दिशाबाट आइरहेको लु प्र ०३–००१ ख ००९९ नम्बरको बस एकापसमा ठोक्किँदा बस चालक बाँकेको खजुरा गाउँपालिका–५ का सुमन खत्रीको घटनास्थलमै मृत्यु भएको ट्राफिक प्रहरी कार्यालय कपिलवस्तुका प्रहरी निरीक्षक राजन ढकालको जानकारी दिनुभयो ।

उहाँका अनुसार बसमा सवार ११ यात्रु घाइते भएका छन् । घाइते सबैको अवस्था सामान्य रहेको छ । मोरङ कानेपोखरी गाउँपालिका–२ घर भएका ट्रक चालक रूपेश धिमालालाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । *(रासस)*

# सीपको उपयोगमार्फत स्वरोजगार बन्दै बकैयाका स्थानीयवासी

वाग्मती, १६ असोज । मकवानपुरको बकैया गाउँपालिका–६ ज्यामिरेकी सुस्मिता वाइबा घरमा नै तान लगाएर गलैँचा बुन्दै आउनुभएको छ । यसअघि काठमाडौँमा गलैँचा बुन्ने सीप सिकेकी वाइबा अहिले भने घरमा नै गलैँचा बुनेर बजारमा पठाउने गर्नुहुन्छ । घरमा फुर्सद हुनासाथ गलैँचा बुन्दै आउनुभएकी उहाँले गलैँचा बुन्नुका साथै घरमा मासु पसलसमेत सञ्चालन गर्दै आउनुभएको छ । गलैँचा बनाउन सकिएमा बिक्रीका लागि बजारमा कुनै समस्या नभएको उल्लेख गर्दै वाइबाले आफूले निर्माण गरेको गलैँचा काठमाडौँमा राम्रो माग हुने गरेको बताउनुभयो । घरका अन्य कामसमेत गर्दै करिब २०/२२ दिनमा एउटा गलैँचा तयार गर्ने गरेको उल्लेख गर्दै उहाँले यसले आफूलाई स्वरोजगार बनाएको बताउनुभयो । गलैँचाका लागि आवश्यक पर्ने धागो काठमाडौँबाट नै मगाउने गरेको वाइबाको भनाइ छ ।

सुस्मिताजस्तै अर्का स्थानीय जितबहादुर वाइबाले पनि गाउँमा नै गलैँचा बुन्ने गर्नुभएको छ । उहाँका अनुसार एउटा गलैँचाको समान्यतः १०/११ हजार रूपैयाँसम्ममा बिक्री हुने गरेको छ ।

तामाङ जातिको बाहुल्यता रहेको पालिकामा ठाउँठाउँमा स्थानीयवासीहरू गलैँचा बुन्ने पेसालाई आफ्नो आयआर्जनको विकल्पका रूपमा अघि बढाउने गरेको गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्रीले बताउनुभयो । *(रासस)*

# हिमपातले कैलाश मानसरोवर यात्रा प्रभावित

हुम्ला, १६ असोज । हुम्लाको उत्तरी सीमानाका हिल्सामा अविरल वर्षासँगैको भारी हिमपातका कारण ४१ नेपाली अलपत्र परेका छन् । हिल्सा–ताक्लाकोट आवतजावत प्रभावित भएपछि उनीहरू हिल्सामै रोकिएको अध्यागमन अधिकृत विमल पौडेलले बताउनुभयो ।

उहाँका अनुसार अलपत्र पर्नेमा नाम्खा गाउँपालिका–१, २ र ३ का नागरिक हुन् । उनीहरूमध्ये अधिकांश ताक्लाकोटमा व्यापार व्यवसाय गर्दै आएका छन् । गत शुक्रबार हिल्सा पुगेका उनीहरू हिमपात सुरु भएपछि नाकामा रोकिएको उहाँले बताउनुभयो ।

हिमपातका कारण कैलाश मानसरोवर दर्शनका लागि चिनियाँ पक्षले आवतजावत बन्द गरेको छ । हिल्सामा कार्यरत अध्यागमन कर्मचारी पेमा लामाका अनुसार अक्टोबर ४ अर्थात् असोज १८ गतेदेखि नाका खुल्ने बताइएको छ ।

**हिल्सा पुग्ने बाटो खुलाउन चुनौती**

चीनतर्फको सडक खुलाउने काम भइरहेको भए पनि नेपालतर्फ अझै केही समय लाग्ने बताइएको छ । हुम्लास्थित सशस्त्र प्रहरी बल नेपाल नं ४४ गुल्मका प्रहरी नायब उपरीक्षक नन्दबहादुर साउदका अनुसार हिल्सामा करिब दुईदेखि अढाइ फिटसम्म हिउँ जमेको छ ।

हिल्सा पुग्न नारा लेक पार गर्नुपर्ने भएकाले त्यहाँ जमेको हिउँ पन्छाउन थप समय लाग्ने उहाँले बताउनुभयो । हिल्सामा एउटामात्रै स्काभेटर रहेकाले सडक खुलाउने काममा कठिनाइ भएको र इन्धनको समस्या रहेको उहाँको भनाइ छ । स्थानीयवासी र सुरक्षाकर्मीले हिउँ पन्छाएर सडक सञ्चालनमा ल्याउने प्रयास जारी राखेका छन् ।

**छ हजार १० जनाले गरे कैलाश मानसरोवर दर्शन**

यस वर्ष हालसम्म हिल्सानाका हुँदै छ हजार १० जना पर्यटकले कैलाश मानसरोवर दर्शन गरेका छन् । अध्यागमन अधिकृत पौडेलका अनुसार कैलाश मानसरोवर जाने पर्यटकमा अधिकांश भारतीय नागरिक छन् । त्यसपछि बेलायत, अमेरिका र नेपाली रहेका छन् ।

यस वर्ष कैलाश मानसरोवर दर्शनको मुख्य समय सकिनै लागदा भएको भारी हिमपातले हिल्सा नाकामा आवतजावतसँगै स्थानीय व्यापार र सीमा क्षेत्रको जनजीवन प्रभावित भएको छ । *(रासस)*



**कालीगण्डकीको बाढीले बगर बनाएको फर्से**

कालीगण्डकी नदीमा असोज ११ गते आएको बाढीले घरहरू बगाएर बगर बनाएको म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिका–८ मा पर्ने फर्से । फर्सेका ७५ वटा घर बाढीले बगाएका र २७ घर जोखिममा परेका जलजला गाउँपालिकाले जनाएको छ ।

*तस्बिर: सन्तोष गौतम/रासस*

# गाउँमै रोजगारीको बाटो खोज्दै भोजपुरका युवा

भोजपुर, १६ असोज । पछिल्लो समय भोजपुरमा युवा गाउँमै रहेर विभिन्न उद्यम तथा व्यवसायमा जोडिने क्रम बढेको छ । विदेशबाट फर्किएका तथा गाउँमै रहेका युवाले कृषि तथा पशुपालनलाई व्यवसायका रूपमा अघि बढाएका छन् ।

उनीहरू व्यावसायिक रूपमा अलैँची, किवी, एभोकाडो, ओखर, चिराइतोखेती तथा बाखापालनमा जुटेका छन् । गाउँमै मिहिनेत गरेर कृषि तथा पशुपालनबाट आम्दानी गर्न सकिने भएपछि स्थानीय युवा त्यसतर्फ आकर्षित भएका हुन् । विदेशबाट फर्किएका केही युवाले विदेशमा सिकेको सीप र अनुभवलाई प्रयोग गर्दै व्यवसाय सञ्चालन गरेका छन् । उनीहरूले कृषि तथा पशुपालनलाई आत्मनिर्भर बन्ने माध्यम बनाएका छन् ।

टेम्केमैयुङ गाउँपालिका–५ चोलन्तीका युवा पुस्कर विष्ट विदेशबाट फर्किएपछि गाउँमै व्यावसायिक बाखापालनमा लाग्नुभएको छ । उहाँले सञ्चालन गर्दै आउनुभएको 'पुस्कर कृषि तथा पशुपालन फार्म'मा बोयर र स्थानीय जातका बाखा पालिएको छ । छ वर्षअघिदेखि व्यावसायिक रूपमा बाखापालन गर्दै आउनुभएका विष्टले विदेशमा भन्दा राम्रो आम्दानी भएको बताउनुभयो ।

"विदेश जानुभन्दा आफ्नै ठाउँमा व्यवसाय गर्नसके राम्रो आम्दानी हुने रहेछ", उहाँले भन्नुभयो । अर्का युवा भीमराज विष्ट मलेसियाबाट फर्किएर गाउँमै कृषि व्यवसायमा सक्रिय हुनुभएको छ । उहाँले भोजपुर नगरपालिका–६ मा बाखापालनसँगै सुन्तला, कागतीखेती गरिहनुभएको छ । गाउँमै व्यवसाय सञ्चालन गरेर उदाहरणीय बन्न सकिने उहाँको भनाइ छ ।

अर्का युवा लाल विष्टले पनि व्यावसायिक रूपमा अलैँचीखेती गर्दै आउनुभएको छ । पछिल्लोसमय अलैँचीको मूल्यमा सुधार आएपछि स्थानीय युवा व्यावसायिक खेतीतर्फ आकर्षित भएको उहाँले बताउनुभयो । नयाँ तथा पुरानो बगान गरी करिब ४० रोपनीमा अलैँचीखेती गर्दै आएको उहाँले जानकारी दिनुभयो ।

"व्यावसायिक रूपमा काम गर्दा यहीँ नै राम्रो आम्दानी गर्न सकिने रहेछ", उहाँले भन्नुभयो, "मिहिनेत गर्न सकियो भने परिवारसँग बसेर वार्षिक रु. चार–पाँच लाख कमाउन समस्या छैन । गाउँका धेरै युवा विदेशबाट फर्केर उद्यममा जोडिएको अवस्था छ ।"

कृषि तथा पशुपालनका क्षेत्रमा युवाको सक्रियता बढेसँगै स्थानीयस्तरमा रोजगारी सृजना हुनुका साथै उत्पादन र आम्दानी बढ्न थालेको उहाँको भनाइ छ । विदेशबाट फर्किएका युवाहरूले आफ्नै जमिन, स्थानीय स्रोतसाधन र सीपको प्रयोग गरेर व्यवसाय सञ्चालन गर्न थालेपछि गाउँको आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पर्न थालेको छ ।

**(रासस)**

# तटबन्धले जोगायो गैँडाकोटको बस्ती

नवलपुर (नवलपरासी), १६ असोज । यही असोज ११ गते नारायणी नदीमा पछिल्लो ६० वर्षयताकै ठूलो बाढी आयो । विगतका वर्षमा अहिलेको भन्दा सानो बाढी आउँदा पनि गैँडाकोटका धेरै बस्ती डुबान र कटानको समस्यामा पर्ने गरेका थिए । यद्यपि यसपटक इतिहासमै ठूलो बाढी आउँदा पनि धेरै बस्ती जोगियो ।

इतिहासकै ठूलो बाढी आउँदा पनि यसपटक गैँडाकोटको वडा नं २ को एउटा बस्तीबाहेक अन्य वडामा बाढीले कुनै क्षति पुऱ्याउन नसकेको स्थानीय बताउँछन् । नारायणी पुलभन्दा उत्तरतर्फ नदीकिनारमा तटबन्ध नहुँदा एउटा बस्ती डुबानमा परेको थियो । पुलबाट दक्षिणतर्फ निर्माण गरिएको करिब पाँच किलोमिटर लामो तटबन्धले अन्य बस्ती जोगाउन सफल भएको स्थानीयको बुझाइ छ । गैँडाकोटका मनोज परियारले नदीकिनारमा ठूलाठूला ढुङ्गा राखेर गरिएको तटबन्धबाट नदीकिनारको बस्ती जोगिएको बताउनुभयो ।

"नदीकिनारमा ठूलाठूला ढुङ्गा राखिएको छ, जसले हामीलाई जोगायो", उहाँले भन्नुभयो, "ढुङ्गा नाघेर नदीको छाल घरसम्म आएको थियो, यो ढुङ्गा नहालेको भए हाम्रो धेरै क्षति हुने थियो ।" बाढीले कटान गर्ने क्षेत्रमा निर्माण गरिएको तटबन्धका कारण बस्ती जोगिएको छ । यस्तै, कटान पनि रोकिएको परियारको बुझाइ छ । बाढी आउँदा जोखिमपूर्ण अवस्थामा रहने नदीकिनारका बस्ती तथा खेतीयोग्य जमिन सुरक्षित पार्न गरिएको तटबन्धले जिल्लाका धेरै बस्ती जोगाएको छ ।

"अघिल्ला वर्षमा नदीमा बाढी आउँदा किनारका बासिन्दा सुरक्षित ठाउँ खोजेर हिँड्नुपर्ने अवस्था थियो", गैँडाकोट–६ का ४१ वर्षीय राजेन्द्र थापाले भन्नुभयो, "यस वर्ष नारायणीमा ठूलो बाढी आए पनि हामी ढुक्कसँग घरमै बस्न सक्यौँ ।"

आफ्नो वडामा नदी व्यवस्थापनको काम भएपछि कटान रोकिँदा आफूहरू ढुक्क भएर बस्न पाएको थापाले बताउनुभयो । सिँचाइ तथा जलस्रोत व्यवस्थापन कार्यालय चितवनले आर्थिक वर्ष २०८२/८३ मा नवलपुरतर्फको नदीकिनारमा व्यवस्थित तटबन्ध निर्माण गरेको थियो ।

बाढी आउँदा रातभर सुत्न नसकिने अवस्थाको स्मरण गर्दै स्थानीय खगीसरा रानाले नदी व्यवस्थापनको काम भएपछि ढुक्कसँग बस्न पाइएको बताउनुभयो । गत वर्षदेखि यस क्षेत्रमा नारायणी नदीको कटान पूर्ण रूपमा रोकिएको रानाले बताउनुभयो । अघिल्ला वर्षका बाढीले खेतीयोग्य जमिन बगरमा परिणत गर्दै उठिबास लगाएको उहाँले बताउनुभयो ।

"नारायणीको बाढीले मेरो पनि जग्गा लगभग काटेर सक्यो", किनारमा बस्तीभन्दा अग्लो पारेर गरिएको तटबन्ध देखाउँदै उहाँले भन्नुभयो, "पोहोर साल सरकारले यो ड्याम नबनाएको भए सायद म पनि घरबारविहीन हुने अवस्था आउँथ्यो होला ।" अबका दिनमा नदीकिनारका बासिन्दा डराउनुपर्ने अवस्थाको अन्त्य भएको रानाको भनाइ छ । नदी कटान रोकिएपछि आफूहरूको आधा चिन्ता सकिएको उहाँले बताउनुभयो ।

पुलबाट दक्षिणतर्फ नदी किनारमा गैँडाकोटको वडा नं २, ५, ६, ७ र ९ को भूभाग पर्दछ । सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालयले नदीकिनारमा बहुवर्षीय ठेक्का लगाएर व्यवस्थित तटबन्धको काम सम्पन्न गरेको छ । कार्यालयले करिब एक हजार ५०० मिटर बिग बोल्डर तथा करिब पाँच किलोमिटरमा कङ्क्रिट तटबन्ध गरेको गैँडाकोट नगरपालिका–६ का वडाध्यक्ष शुभाष चापागाईंले बताउनुभयो ।

"नदीकिनारलाई भिरालो बनाउँदै गरिएको पक्की तटबन्धका कारण बस्ती जोगिन सफल भएको हो", उहाँले भन्नुभयो, "गैँडाकोटमा गरिएको तटबन्ध नेपालकै नौलो र नयाँ प्रयोग भएको मैले जानकारी पाएको छु ।" बस्तीभन्दा अग्लो पारेर गरिएको तटबन्धका कारण ठूलो बाढीले पनि बस्तीमा कुनै क्षति पुऱ्याउन नसकेको उहाँले बताउनुभयो । यद्यपि कङ्क्रिट तटबन्ध गरिएको केही स्थानमा बाढीले क्षति पुऱ्याएको भन्दै त्यसलाई व्यवस्थित रूपमा मर्मत गर्नुपर्ने चापागाईंको भनाइ छ ।

यही असोज ११ गते नारायणीमा पानीको सतह बढेर सबैभन्दा उच्च ११ दशमलव ९३ मिटर पुगेको जल मापन केन्द्र देवघाटले जनाएको छ । नदीकिनारमा गरिएको तटबन्ध बस्तीभन्दा अग्लो भएका कारण बस्तीमा हुने डुबान र कटानबाट गैँडाकोटका नदी तटीय वडा जोगिएका हुन् । *(रासस)*

# बाघको आक्रमणबाट एक जनाको मृत्यु

कैलाली, १६ असोज । बाघको आक्रमणबाट एक जनाको मृत्यु भएको छ ।

गौरीगङ्गा नगरपालिका–६ मोयास्थित भैरव महिला सामुदायिक वनमा शुक्रबार बिहान बाघको आक्रमणबाट स्थानीय ४० वर्षीय कृष्ण चौधरीको मृत्यु भएको इलाका प्रहरी कार्यालय चौमालाका प्रहरी वरिष्ठ नायब निरीक्षक रमेशबहादुर शाहीले जानकारी दिनुभयो । उहाँका अनुसार बिहान करिब ५:०० बजे चौधरीसहित तीन जना सामुदायिक वनमा च्याउ टिप्न गएका थिए । च्याउ टिप्ने क्रममा चौधरीलाई बाघले आक्रमण गरेको हो । उहाँसँगै गएका अन्य दुई जनाले भने भागेर ज्यान जोगाएका थिए ।

बाघको आक्रमणबाट चौधरीको घटनास्थलमै मृत्यु भएको प्रहरी वरिष्ठ नायब निरीक्षक शाहीले जानकारी दिनुभयो । *(रासस)*

। सम्पादकीय ।

# गैरसरकारी सङ्गठन साम्राज्यवादी देशका जालो

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठनहरू विश्वभरि नै फैलिएका छन् । माकुरोको जालोजस्तै फैलिएको यो गैरसरकारी सङ्गठनले विश्व पुँजीवादकै एउटा हतियारको रूपमा काम गरिरहेको छ । विशेषत: साम्राज्यवादी देशहरूको पृष्ठपोषण गर्न, पुँजीवादको अनुहारमा लागेका रगतका धब्बाहरूको ढाकछोप गर्न र जनतामा भ्रम फैलाउन, राजनीतिप्रति दिग्भ्रमित बनाउन यी सङ्गठनहरू सक्रिय भएका हुन्छन् । क्रान्तिकारी विचार या आमूल परिवर्तनको स्वरलाई दबाउन, निष्क्रिय बनाउन क्रियाशील ती सङ्गठनहरू सामाजिक, राजनीतिक, सांस्कृतिक आन्दोलन र बौद्धिक गतिविधिभित्र छिरेर गलत भाष्य बनाउन जुटिरहेका छन् । यी सङ्गठनहरू जनता र बुद्धिजीवीहरूमाझ मात्र होइन परिवर्तन चाहने राजनीतिक दलहरूभित्र पसेर मन्द विष छर्ने काममा व्यस्त छन् ।

गैरसरकारी सङ्गठनहरू साम्राज्यवादी देशका जालो हुन् । यी सङ्गठनहरू अफ्रिका, ल्याटिन अमेरिकामा मात्र होइन एसियामा पनि असङ्ख्य छन् । गएको भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा गैरसरकारी सङ्गठनका पदाधिकारीहरू घुसेकै हुन् । अमेरिकी पुँजीबाट सञ्चालित ती सङ्गठनहरू अहिले पनि भित्रभित्र सञ्चालन भइरहेका छन् । गैरसरकारी सङ्गठनका नेतृत्वकारीहरू वर्तमान रास्वपाको सरकारमा रहेकै कारण दलका विभिन्न वर्गीय सङ्गठनलाई राजनीतिबाट अलग्ग गर्ने प्रयास भइरहेको कुरा सबैमा आलै छ । शिक्षकहरूमा कहीँ कतै राजनीतिक रङ्ग मुछिएमा या राजनीतिमा चासो राखेमा शिक्षकबाट निकाल्ने धम्कीसहितको सरकारले निर्देशन जारी गरेको छ । के यो अमेरिकी साम्राज्यवादको दबाब र प्रभावमा काम भएको होइन ?

एकै दिन एकै समयमा एउटै ढाँचामा देशभरिका सरकारी भवनहरूमा तोडफोड गर्ने, लुट्ने र आगजनी गर्ने काम कुनै पनि नेपाली राजनीतिक दलले गर्दैनन्, गर्न सक्दैनन् । जेनजी आन्दोलनभित्र घुसपैठ भएकै हो; घुसपैठ भएर देशको सम्पत्ति ध्वस्त गरेकै हो । संसद् भवन, सर्वोच्च अदालत, सिंहदरबार र राष्ट्रपति भवनमा आगजनी गर्नेहरू अहिलेसम्म कारबाहीमा परेका छैनन् । यसबारे रास्वपाको नेतृत्वमा बनेको सरकार मौन छ । उनीहरूलाई राम्ररी थाहा छ, जेनजी आन्दोलनभित्र घुसेर आगजनी गर्नेहरू वर्तमान सरकारमा संलग्न छन्; रास्वपा पार्टीमा छन् । यहीँ भएर सरकारले कारबाहीको प्रक्रिया अघि बढाएको देखिँदैन । पहिले गौरीबहादुर कार्कीको नेतृत्वमा गठन भएको छानबिन समितिले भदौ २३ गते चलेको गोली काण्डबारे प्रतिवेदन तयार गर्‍यो तर भदौ २४ गते भएको आगजनी प्रकरणको प्रतिवेदन तयार गरेन । यसले पनि स्पष्ट गर्छ, जेनजी आन्दोलनमा अमेरिकाबाट सञ्चालित गैरसरकारी सङ्गठनहरू सक्रिय रहे ।

गैरसरकारी सङ्गठनले समाजको चालक शक्तिलाई जनताको नजरमा ओझेलमा पार्ने काम गर्छ । उनीहरू जनताका अगुवा, क्रियाशील तथा सक्रिय व्यक्तिहरूलाई पैसाको प्रलोभनमा साम्राज्यवादी जालमा फसाउन लागेका हुन्छन् । समाज परिवर्तनको बाटो मोड्ने र क्रान्तिकारी विचारलाई भाँचकुँच गर्नु नै उनीहरूको उद्देश्य हो । संसारकै बलियो सोभियत सङ्घलाई विभाजन गर्नमा यस्तै अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठनहरूको ठुलो देन छ । विशेष गरी यस्ता सङ्गठनहरू कम्युनिस्ट या वामशक्ति बलियो भएको देशमा सक्रिय हुन्छन् । देशका बहुमत जनताको सेवामा लागेका कम्युनिस्ट या वामशक्तिलाई कमजोर बनाउन, त्यस सङ्गठनभित्र विवाद चर्काएर कमजोर बनाउन, फुटाउन, आन्दोलनबाट पछि हटाउन, निरास बनाउन उनीहरूले अनेक षड्यन्त्र रचेका हुन्छन् । यस्ता षड्यन्त्रहरू कहाँ कसले चलाइरहेका हुन्छन् भन्ने कुरा समाजका कति मान्छेलाई थाहा हुँदैन । कति व्यक्तिलाई त्यसले खासै कुनै असर पार्दैन भन्ने भ्रम हुन्छ । भित्रभित्रबाट भइरहने यस्तो गतिविधि कुनै दिन विद्रोहको रूपमा देखापरेको हुन्छ या त्यसले देशको दिशालाई अन्यत्र मोडेको हुन्छ या ठुलो दुर्घटना निम्त्याएको हुन्छ । यस्तो घटना एकाएक या आकस्मिक रूपमा हुँदैन । कति राजनीतिक दलका नेताहरू नै आफ्ना कार्यकर्तालाई एनजीओमा जागिर खुवाउन या कुनै प्रोजेक्ट सञ्चालन गर्न जोड दिन्छन् । आफूलाई कम्युनिस्ट भनिने दलका नेताहरू नै  दलको काममा भन्दा एनजीओ र आईएनजीओमा व्यस्त हुन्छन् र कमाउ धन्दामा लागेका हुन्छन् ।

यो साम्राज्यवादी देशहरूको सुनियोजित चाल हो । तिनीहरूको सञ्जाल देशभरि फैलिएको हुन्छ । एनजीओ कहाँ कति फैलिएको छ, के काम गर्दै छ भन्ने सही तथ्याङ्क थाहै हुँदैन । त्यस्तो कार्य न सरकारलाई थाहा हुन्छ न त प्रदेश र स्थानीय तहलाई थाहा हुन्छ । यिनीहरूको नेटवर्क जटिल र रहस्यमय हुन्छ । ती सङ्गठनहरू गाउँ गाउँसम्म फैलिएका छन् । यसबारे देशका राजनीतिक दलहरू सचेत हुनुपर्छ । देशका ठुला ठुला दलहरू समयमा सतर्क नहुँदा र आफ्नै दलका नेता, सांसद तथा कार्यकर्ताहरू गैरसरकारी सङ्गठनमा फसे । यो राम्रो सङ्केत होइन । अत: देशका सबै राजनीतिक शक्ति, नागरिक समाज र जनतामा एनजीओको विषयमा स्पष्ट दृष्टिकोण हुनुपर्छ र एनजीओलाई सहज ढङ्गले हेर्नु हुँदैन, भित्र छिर्न दिनु हुँदैन ।

# अतिवादको मूल्य चुकाउँदै युरोपका मध्यमार्गी

✍ यानिस भारोउफाकिस

फ्रेडरिक मेर्ज डेढ वर्षभन्दा कम समयदेखि जर्मन चान्सलर छन् । उनीप्रतिको जनसमर्थन मूल्याङ्कन कीर्तिमानी रूपमा न्यून छ । उनको मध्य-दक्षिणपन्थी क्रिस्चियन डेमोक्रेटिक युनियन अफ जर्मनी अर्थात् सीडीयू (जसले हालै एउटा राज्यमा चुनाव हारेको थियो र अर्कोमा नराम्रोसँग धक्का सामना गर्‍यो) देशभर नै तीव्रगतिमा ओरालो लागिरहेको छ ।

जर्मन सञ्चारमाध्यम अन्य कुनै विषयमा चर्चा गरिरहेका छैनन् । उनीहरू मेर्जले कमजोर चुनावी अभियान चलाएको, सोसल डेमोक्र्याट्ससँगको अलोकप्रिय गठबन्धनमा आफूलाई सीमित पारेको र अति-दक्षिणपन्थी 'अल्टर्नेटिभ फर जर्मनी' (एएफडी) ले जस्तो युवामाझ उत्साह जगाउन नसकेको भन्दै आलोचना गरिरहेका छन् । यी सबै कुरा सत्य भए पनि तिनको महत्त्व भने गौण छ । जर्मनीमा वास्तवमा केवल अहिलेसम्म हाबी रहेको एउटा दल मात्रै समाप्त हुँदै छैन, बरू मध्यममार्गी राजनीतिज्ञको 'सन्तुलित र प्राविधिक दक्षता भएका व्यक्ति'को छवि पनि भत्किँदै छ । सन्तुलन र क्षमताको यो नक्कली आवरण कायम रहेको तीन दशकपछि अब यो स्पष्ट हुँदै छ कि उनीहरू न त मध्यमार्गी थिए न त सक्षम नै ।

दुर्भाग्यवश, पहिले बिस्तारै र त्यसपछि हठात् उनीहरूको मुकुन्डो उत्रिँदै छ । अब बहुसङ्ख्यक जनताले उनीहरूको वास्तविक रूप देख्न थालेका छन् । उनीहरू यस्ता कट्टरपन्थी हुन्, जसले निर्दयी भएर त्यस्ता निष्फल र जनविरोधी नीति अघि बढाए, जसले जर्मन समाजको आत्मनिर्भर हुने क्षमतालाई खोक्रो बनाइदिए र देशलाई युरोपेली भूमिमा अनावश्यक युद्धको सँघारसम्म पुर्‍याए । एएफडीको उदय रातारात लाखौँ जर्मनहरूमा आएको कुनै अचानकको वैचारिक परिवर्तन वा अधिनायकवादी विचारतर्फको झुकावका कारण भएको होइन । यसको शक्ति बढ्नुको मुख्य कारण वर्षौंदेखिको 'मितव्ययिताको नीति' थियो, जसले जर्मन जनतालाई आफ्नो सामाजिक हैसियत गुम्ने र वास्तविक गरिबीको उच्च जोखिमको सामना गर्नुपर्ने अवस्थामा पुर्‍यायो । यो आश्चर्यको कुरा हो कि अति-दक्षिणपन्थीहरू एउटा काल्पनिक 'स्वर्ण युग'मा फर्किने चाहनालाई चुनावी सुनामीमा परिणत गर्न सफल भए । त्यो यस्तो विगतको चाहना थियो, जसमा ती 'शङ्कास्पद' मानिने मुसलमान, यहुदी वा ट्रान्सजेन्डरको कुनै स्थान थिएन । बर्लिनदेखि पेरिस र लन्डनसम्मको कथा उस्तै छ । फ्रान्सेली राष्ट्रपति इम्यानुएल म्याक्रोँको मध्यमार्गी नीतिले फ्रान्सलाई एक्लै अति-दक्षिणपन्थी राष्ट्रपतिको शासन आउने सङ्घारमा पुर्‍याएको छ । उनले फ्रान्सको पुनर्जागरणको वाचा गरे, जुन वास्तवमा असम्भव थियो किनभने जर्मनीसँगको मौद्रिक सङ्घमा आवश्यक लोकतान्त्रिक र राजनीतिक एकताको अभाव छ । उनले अति धनीहरूको सानो समूहलाई कर छुटको सुविधा दिए, जबकि आम जनतालाई काममा जान आवश्यक पर्ने पेट्रोलको खर्च जुटाउन पनि सङ्घर्ष गर्नुपर्ने अवस्था थियो । उनले अवकाशको उमेर बढाएर ६४ वर्ष पुर्‍याए, जबकि गरिब मजदुरको औसत आयु ७२ वर्षभन्दा बढी छैन । उनले आफूले मन नपराएको वा नजिक नभएको कुनै पनि बैङ्कर भेटेका छैनन् । यस क्रममा उनले कुनै पनि प्रकारको विचलन, सम्झौता वा विकल्पबारेको लोकतान्त्रिक बहसलाई कहिल्यै स्वीकार गरेनन् ।

संयुक्त अधिराज्यमा पनि मध्यमार्गी 'टोरी-लेबर'को द्वैध-वर्चस्वले उस्तै मितव्ययिताका नीति अपनाएको छ । सन् १९८० को दशकमा कन्जर्भेटिभ प्रधानमन्त्री मार्गरेट थ्याचरले बेलायती उद्योगधन्दामाथि गरेको अन्धाधुन्ध प्रहार र घर तथा आधारभूत सेवालाई वित्तीय नाफाको साधन बनाउने कार्यले बेलायतलाई भयावह असमानताको दलदलमा धकेल्यो । यसले आयातमा आधारित सेवा-अर्थतन्त्रलाई त बढायो साथै घरजग्गाका धूर्त बिचौलियालाई जन्म दियो ।

तर, बेलायतको कुलीन 'रेन्टियर' (अनुत्पादक भाडा वा ब्याजबाट कमाउने) वर्गको यो विजयलाई सुनिश्चित गर्ने काम टोनी ब्लेयरको लेबर सरकारले नै गर्‍यो । उसले सार्वजनिक सम्पत्ति तथा सेवालाई खोक्रो पार्ने क्रमलाई निरन्तरता दिन नवीन उपाय अपनायो साथै 'सिटी अफ लन्डन'का बैङ्करहरूमाथि रहेका नियमनका बन्धन पूर्ण रूपमा हटायो । स्वाभाविक रूपमा जर्मनी र फ्रान्समाजस्तै बेलायतमा पनि डर र घृणाको राजनीति हाबी हुँदै गइरहेको छ ।

सर्वत्र एउटै प्रक्रिया देखिन्छ, आफूलाई समझदार, व्यावहारिक र मध्यमार्गी ठान्ने दलहरूले युरोपेली इतिहासकै सबैभन्दा बढी जडसूत्रवादी आर्थिक कार्यक्रम लागू गरे । उनीहरूले यस्तो कठोरता, असहमतिप्रतिको असहिष्णुता र लोकतान्त्रिक प्रतिस्पर्धाप्रतिको तिरस्कारका साथ ती कार्यक्रम अघि बढाए कि २० औँ शताब्दीका वास्तविक अतिवादी शक्तिहरूले तिनको विषयवस्तुलाई अस्वीकार गरे पनि तिनको कार्यशैलीलाई भने चिनाए ।

यहाँ 'अतिवाद' भन्नाले मेरो तात्पर्य के हो भन्नेबारे म स्पष्ट हुन चाहन्छु किनकि यो  भाषणबाजी वा अलङ्कारमात्र होइन । कुनै विचारधारा 'अतिवादी' हुनुको मुख्य कारण वामपन्थी-दक्षिणपन्थी राजनीतिक दायरामा बहुसङ्ख्यक जनतामाथि त्यसका नीतिको चरम प्रभाव होइन । बरू त्यसले असहमतिलाई कसरी व्यवहार गर्छ भन्ने कुराले नै त्यसलाई अतिवादी बनाउँछ । त्यो कसीबाट हेर्दा दोस्रो विश्वयुद्धको अन्त्ययता युरोपको 'मध्यमार्गी' खेमा नै सबैभन्दा चरमपन्थी राजनीतिक शक्ति साबित भएको छ । यसले आर्थिक नीतिलाई निर्वाचनको पहुँचभन्दा बाहिर राख्ने गरी स्पष्ट रूपमा एउटा मुद्रा सङ्घ निर्माण गरेको छ । यसले विद्युत् क्षेत्रका कार्टेलहरूलाई सर्वसाधारण र व्यवसायीलाई लुट्ने छुट दिएको छ । यसले विकल्प प्रस्ताव गर्ने जोकोहीलाई पनि लोकरिझ्याइँवादी वा 'युरोपविरोधी'को बिल्ला भिराउने गरेको छ ।




सन् २०१५ मा ग्रिसको अर्थमन्त्रीका रूपमा, मैले युरोपेली मध्यमार्गीको त्यही 'लापरबाह चरमपन्थ'लाई प्रत्यक्ष अनुभव गर्ने मौका पाएको थिएँ । ग्रिसको वार्षिक कुल गार्हस्थ उत्पादनभन्दा बढी लागत लागेको तर असफल साबित भएको आर्थिक स्थिरीकरण कार्यक्रमको पाँच वर्षपछि, सन् २०१५ को जनवरीमा ग्रिसका जनताले 'सिरिजा' पार्टीलाई मतदान गरे । म आफैँ पनि त्यस पार्टीको सदस्य थिएँ । हाम्रो उद्देश्य वित्तीय सर्तमाथि पुन: वार्ता गर्नु थियो । ती सर्त यति हास्यास्पद थिए कि बैङ्करहरूले तिनलाई स्वीकार गरेका थिए ।

त्यो मध्यमार्गी खेमाको चरमपन्थको प्रकृति र कारण बुझ्नका लागि जर्मनीका दिवङ्गत अर्थमन्त्री उल्फगाङ साउब्लेभन्दा राम्रो उदाहरण अरू हुन सक्दैन । सन् २०१५ मा मैले उनीसँगै वार्ता गरेको थिएँ । उनको सम्पूर्ण करियर एउटा डरको वरिपरि केन्द्रित थियो, पेरिसले 'बुन्डेसब्याङ्क (जर्मन केन्द्रीय बैङ्क) माथि नियन्त्रण जमाउनेछ र जर्मन मुद्रा 'ड्युचमार्क' (को प्रयोग गरेर युरोपभरि फ्रान्सेली शैलीका घाटा-वित्तपोषित नीतिहरू लागू गर्नेछ । सन् १९८९ मा जर्मनीको पुन: एकीकरणका लागि फ्रान्सको सहमति प्राप्त गर्ने क्रममा फ्रान्सेली राष्ट्रपति फ्राँस्वाँ मितराँले जर्मन चान्सलर हेल्मुट कोललाई युरोपेली मौद्रिक सङ्घ र एकल मुद्रा (युरो) का लागि सहमत गराए । त्यसपछि, फ्रान्सेलीहरूले जर्मनीको मुद्रामाथि कब्जा जमाउन नपाऊन् भनेर सुनिश्चित गर्न साउब्ले र बुन्डेसब्याङ्कले असाधारण सक्रियता देखाए ।

यसमा उनीहरूले वित्तीय सङ्घ, लोकतान्त्रिक राजनीतिक सङ्घ, बैङ्किङ सङ्घ र कुनै झट्का अवशोषक नभएको मौद्रिक सङ्घको डिजाइन गरेर सफल भए । खरानी रङको सुट लगाएर शान्त र मिठो स्वरमा बोल्दै 'यसको कुनै विकल्प छैन' भनी बारम्बार दोहोर्‍याउने कट्टरपन्थीपन तबसम्म कट्टरपन्थीपनजस्तो देखिँदैन, जबसम्म त्यो विशालस्तरमा असफल हुन थाल्दैन । हालै के परिवर्तन भयो (जसको अपरिहार्य परिणाम निर्वाचनमा देखिने नै छ) भने मध्यममार्गीको अतिवादका कारण निम्तिएको औद्योगीकरणको अन्त्य र आर्थिक गतिहीनतालाई अब बेवास्ता गर्नै नसकिने अवस्था आएको छ ।

सन् २००८ को शरद ऋतुमा जब विश्वव्यापी वित्तीय सङ्कट सुरू भयो, तब हाम्रो 'क्यालिभनिस्ट' मौद्रिक सङ्घले कुनै पनि प्रकारको सुरक्षा-कवचविना नै एक भीषण धक्काको सामना गर्नुपर्‍यो । फ्रान्सेली तथा जर्मन बैङ्कहरू र युरोजोनका लगभग हरेक सरकारको क्रमिक टाट पल्टिने अवस्था अपरिहार्य बन्न पुग्यो । अनि युरोपका तमाम मध्यमार्गीलाई साथमा लिएर साउब्लेले कस्तो प्रतिक्रिया जनाए त ? उनले आफ्नो अडानलाई अझ कडामात्र पारेनन्, बरू चरम अधिनायकवादी शैली पनि प्रदर्शन गरे । त्यो यस्तो शैली थियो, जसलाई सन् १९४५ मै युरोपबाट सदाका लागि अन्त्य गरिएको धेरैजसो युरोपेलीले ठानेका थिए ।

***(ग्रिसका पूर्वअर्थमन्त्री भारोउफाकिस युनिभर्सिटी अफ एथेन्समा अर्थशास्त्रका प्राध्यापक हुन्)***

**अलजजिराबाट**

# क्रान्तिकारी नेता चे ग्वेभारा -२

✍ जुलियन फलोरकिन



**आजको सांस्कृतिक र राजनीतिक प्रभाव**

ग्वेभाराको प्रभाव प्रतिमा विज्ञानभन्दा बाहिर फैलिएको छ; उनका लेखन र भाषणहरूले नयाँ पुस्ताका कार्यकर्ता र विचारकहरूलाई प्रेरणा दिइरहेका छन्। उनको छापामार युद्धको अवधारणा र समाजवादी आदर्शहरूलाई बढावा दिन अग्रगामीको भूमिकालाई शैक्षिक सर्कल र क्रान्तिकारी समूहहरूले समानरूपमा अध्ययन गरेका छन्। राजनैतिकरूपमा, साम्राज्यवाद र उत्पीडित राष्ट्रहरूबिचको विश्वव्यापी ऐक्यबद्धतासम्बन्धी ग्वेभाराका विचारहरू आजको आर्थिक असमानता र नवउदारवादी नीतिहरूविरुद्धको सङ्घर्षहरूमा प्रतिध्वनित छन्। ल्याटिन अमेरिकाजस्ता क्षेत्रहरूमा, उहाँका विचारहरूले विदेशी प्रभुत्वको प्रतिरोध गर्न र क्षेत्रीय स्वायत्तता र सामाजिक सुधारको पछि लाग्ने समकालीन आन्दोलनहरूलाई प्रभाव पार्छ।

उहाँका कार्य र विधिहरू वरपरका विवादहरूको बाबजुद, चे ग्वेभाराको आधुनिक आन्दोलनहरूमा प्रभाव गहिरो छ। विश्वव्यापी समाजवादको कारणको लागि उनको समर्पणको लागि धेरैले प्रशंसा गरे। संसारलाई परिवर्तन गर्ने उनको प्रतिबद्धताले आफूले विश्वास गरेको कुरालाई अझ राम्रो मान्ने र यथास्थितिलाई चुनौती दिन खोज्नेहरूलाई र आमूल परिवर्तनको वकालत गर्नेहरूलाई प्रेरित गर्न जारी राख्नेछ।

**विवाद र आलोचनाहरू**

**मानव अधिकार मुद्दाहरू**

क्युवाली क्रान्तिमा चे ग्वेभाराको भूमिका र क्युवा र अन्य ठाउँमा पछिल्ला कार्यहरू विशेष गरी मानव अधिकारको बारेमा गहन बहसको विषय बनेको छ। नयाँ क्युवाली सरकारको नेताको रूपमा, ग्वेभारा क्रान्तिकारी न्यायाधीकरणको स्थापनामा संलग्न थिए जसले धेरै पूर्व बाटिस्टा अधिकारीहरू र संदिग्ध युद्ध अपराधीहरूलाई न्याय र मृत्युदण्ड दिएका थिए जुन धेरै अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले निष्पक्ष परीक्षणलाई विचार गर्नेछन्। आलोचकहरूले तर्क गर्छन् कि यी कार्यहरूले मानव अधिकार र कानुनी मापदण्डहरूको बेवास्ता गर्दछ, ग्वेभारालाई निर्दयी र अधिनायकवादी भनेर ब्रान्डिङ गर्दछ। क्रान्तिकारी न्यायको लागि उनको कट्टर समर्थन - प्रायः उनको प्रसिद्ध म्याक्सिममा सङ्क्षेप गरिएको छ, "अपराधीलाई मृत्युदण्ड दिनु, एक निश्चित हदसम्म, एक क्रान्तिकारी कार्य हो" - क्रान्तिकारी आवश्यकताको आडमा दमनकारी रणनीतिको लागि औचित्यको रूपमा आलोचना गरिएको छ।

**नीतिहरूको आर्थिक प्रभाव**

आर्थिक रूपमा, नेसनल बैङ्क अफ क्युबाको अध्यक्ष र पछि उद्योग मन्त्रीको रूपमा ग्वेभाराको कार्यकाल व्यावहारिक विशेषज्ञताको कमीको कारणले आलोचना भएको थियो, जसलाई कतिपयले असक्षम भएको तर्क गर्छन्। व्यवस्थापन र आर्थिक नीतिहरूले क्युवाको पछिको आर्थिक कठिनाइहरूमा योगदान पुऱ्यायो। द्रुत औद्योगीकरणको लागि उनको अभियान र कृषि सुधारका नीतिहरू, जबकि वैचारिकरूपमा एक समाजवादी समाज निर्माण गर्न प्रेरित, आर्थिक व्यवस्थापनको जटिलताहरूलाई बेवास्ता गरेको भनिन्छ। आलोचकहरूले तर्क गर्छन् कि यी नीतिहरूले क्युवाको लागि महत्त्वपूर्ण आर्थिक कठिनाइहरू निम्त्यायो, जसमा उत्पादकतामा कमी र सोभियत आर्थिक समर्थनमा अत्यधिक निर्भरता समावेश छ, जुन सोभियत सङ्घको पतनपछि विशेषरूपमा स्पष्ट भयो।

चे ग्वेभाराको जीवन र कामले चर्को बहस र ध्रुवीकृत विचारहरू जगाइरहेको छ। उहाँका आदर्शहरूप्रतिको उहाँको प्रतिबद्धता र त्यसमा कार्य गर्ने तत्परतालाई व्यक्तिगत अधिकार र आर्थिक स्थायित्वमा पार्ने प्रभावका लागि व्यापकरूपमा आलोचना गरिएका कार्यहरू र निर्णयहरूद्वारा मेल खाएको थियो। यी विवादले सुनिश्चित गर्दछ कि ग्वेभारा एक जटिल व्यक्तित्व बनेको छ, धेरैले उनको समर्पण र दर्शनको लागि प्रशंसा गरेका छन् तर अरूले स्वतन्त्रता र मानव अधिकारका सिद्धान्तहरूको विरोधी ठानेका कार्यहरूको लागि अरूले आलोचना गरेका छन्।

**मिडिया र साहित्यमा प्रतिनिधित्व**

**पुस्तक र चलचित्रहरू**

चे ग्वेभाराको जीवन र विचारधारालाई जीवनी पुस्तकदेखि लिएर फिचर फिल्मसम्म विभिन्न मिडियामा व्यापकरूपमा अन्वेषण र चित्रण गरिएको छ। उहाँका आफ्नै लेखनहरू, जसमा 'द मोटरसाइकल डायरीहरू', जसले दक्षिण अमेरिकाभरि उहाँको रचनात्मक यात्राको विवरण दिन्छ र 'गुरिल्ला वारफेयर', क्रान्तिकारी रणनीतिहरूमा म्यानुअल, उहाँका विचार र प्रेरणाहरू बुझ्नको लागि महत्त्वपूर्ण भएको छ। जोन ली एन्डरसनको 'चे ग्वेभारा: ए रिभोलुसनरी लाइफ' जस्ता जीवनीहरूले उहाँको जटिल व्यक्तित्वमा व्यापक अन्तर्दृष्टि प्रदान गर्दछ, उहाँको व्यक्तिगत, राजनीतिक र सैन्य जीवनलाई विस्तृत कथामा मिश्रण गर्दछ।

सिनेमामा, ग्वेभारालाई धेरै प्रभावशाली फिल्महरूमा चित्रित गरिएको छ जसले सांस्कृतिक प्रतिमाको रूपमा उनको स्थितिलाई थप बलियो बनाएको छ। वाल्टर सेल्सद्वारा निर्देशित र गेल गार्सिया बर्नल अभिनित 'द मोटरसाइकल डायरीहरू' चलचित्र बनेका छन्। यो चलचित्रले उनको प्रारम्भिक संस्मरणहरूलाई उनको यात्राको दृश्य र भावनात्मक अन्वेषणमा रूपान्तरण गर्दछ; एक युवा व्यक्तिलाई क्रान्तिकारी व्यक्तित्वमा रूपान्तरण गर्दछ। बेनिसियो डेल टोरो अभिनित स्टीभन सोडरबर्गको 'चे' जस्ता अन्य चलचित्रहरूले क्युवाली क्रान्ति र बोलिभियामा उनको दुर्भाग्यपूर्ण मिसनमा उनको भूमिकालाई थप विस्तृतरूपमा प्रस्तुत गर्दछ, उनको उद्देश्यप्रतिको उनको प्रतिबद्धताको एक गहिरो दृष्टिकोण प्रस्तुत गर्दछ।

**प्रतिष्ठित फोटोग्राफ र कलाकृति**

चे ग्वेराको तस्बिर, विशेष गरी अल्बर्टो कोर्डाले खिचेको प्रतिष्ठित 'गुरिलेरो हिरोइको' तस्बिर, मूल सन्दर्भलाई पार गर्दै विद्रोहको विश्वव्यापी प्रतीक बनेको छ। यो छवि ढाँचा र शैलीहरूको एरेमा पुनः उत्पादन गरिएको छ, कला, भित्ति चित्र र विश्वव्यापी व्यापारिक वस्तुहरूमा चित्रित छन्। यसले क्रान्तिकारीको रोमान्टिक आदर्शलाई मूर्त रूप दिन्छ, प्रायः ग्वेभाराको जीवनका अधिक विवादास्पद पक्षहरूबाट अलग रहन्छ। कलाकार र ग्राफिक डिजाइनरहरूले यस छविलाई पुनः व्याख्या गरेका छन्, यसलाई ग्वेभाराको आफ्नै ऐतिहासिक सेटिङहरूबाट टाढा रहेका सन्दर्भहरूमा एकता र प्रतिरोध व्यक्त गर्न प्रयोग गर्दै छ।

मिडिया र साहित्यमा चे ग्वेभाराको व्यापक प्रतिनिधित्वले उनको पौराणिक स्थितिको निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको छ। यी चित्रणहरूले उहाँको विरासतको बारेमा चलिरहेको बहसहरूमा योगदान पुऱ्याउँछन्, कसरी एक व्यक्तित्वलाई प्रतिरोधको प्रतीकको रूपमा सम्मानित गर्न सकिन्छ र उसको विधि र राजनीतिक विचारहरूको लागि आलोचना गर्न सकिन्छ। यो दोहोरो प्रतिनिधित्वले ऐतिहासिक व्यक्तित्व र सांस्कृतिक प्रतीकको रूपमा ग्वेभाराप्रतिको स्थायी जटिलता र आकर्षणलाई झल्काउँछ।

**चे ग्वेराको दार्शनिक र साहित्यिक योगदान**

**लेखन र भाषण**

चे ग्वेभारा क्रान्तिकारी नेता मात्र नभई एक विपुल लेखक र विचारक पनि थिए। उनका धेरै लेख, निबन्ध र भाषणहरूले उनको दार्शनिक र वैचारिक विश्वासहरूमा गहिरो अन्तर्दृष्टि प्रदान गर्दछ। उनका सबैभन्दा प्रभावशाली कार्यहरूमध्ये 'समाजवाद र क्युवामा मानिस' र फिडेल क्यास्ट्रोलाई उनको मार्मिक विदाइ पत्र, जसले समाजवाद, मानवता र क्रान्तिकारी कारणप्रति उनको व्यक्तिगत प्रतिबद्धताको प्रतिबिम्ब प्रकट गर्दछ। ग्वेभाराका लेखहरूले प्रायः मुक्तिको सङ्घर्ष र समाजवादी सिद्धान्तहरूमा आधारित नयाँ सामाजिक संरचनाको निर्माणमा चेतना र शिक्षाको महत्त्वलाई जोड दिन्छन्। क्रान्तिकारी विचारधारा र आत्मनिरीक्षण इमानदारीमा उनको योगदानको लागि उनका विचारहरू अध्ययन गरिँदै छन्।

**दर्शन र राजनीतिक विचारमा प्रभाव**

चे ग्वेभाराको प्रभाव उनको सैन्य रणनीतिभन्दा बाहिर मार्क्सवादी दर्शनमा उनको योगदानमा फैलिएको छ। उनी मार्क्स, एङ्गेल्स र लेनिनका कार्यहरूबाट गहिरोरूपमा प्रभावित थिए तर उनले विशेषगरी समाजवादी क्रान्तिमा व्यक्तिको भूमिकाको सन्दर्भमा आफ्नै व्याख्याहरू पनि थपे। ग्वेभारा साम्राज्यवाद र पुँजीवादको उन्मूलन गर्न विश्वव्यापी क्रान्तिकारी आन्दोलनको आवश्यकतामा विश्वास गर्थे। उनको 'नयाँ मानिस' को अवधारणाले व्यक्तिगत लाभको लागि होइन। तर, सामूहिक हितका लागि काम गर्ने व्यक्तिहरूलाई वर्णन गर्नको लागि सिर्जना गरेको शब्दले क्रान्तिकारी कार्यमार्फत मानिसले आफू र आफ्नो आर्थिक अवस्था दुवैलाई परिवर्तन गर्न सक्ने क्षमतामा उनको विश्वासलाई प्रकाश पार्छ।

ग्वेभाराको आफ्नो आदर्शहरूप्रति समर्पण उहाँका लिखित र बोलिएका शब्दहरूमा स्पष्ट छ, जसले विद्वान्हरू, कार्यकर्ताहरू र आलोचकहरूका बिचमा बहसलाई उत्प्रेरित र उत्प्रेरित गर्दछ। उनको दार्शनिक योगदानले सामाजिक न्याय, आर्थिक नीतिहरू र राजनीतिमा नैतिकताको भूमिकासँग सम्बन्धित मुद्दाहरूको आलोचनात्मक समझलाई बढावा दिएको छ। मानव अवस्था, सामाजिक परिवर्तन र बृहत्तर भलाइका लागि आत्म-त्यागको महत्त्वमा उनका छलफलहरू सान्दर्भिक छन्, जसले समाजवाद र विश्वभरका क्रान्तिकारी अभ्यासहरूमा समसामयिक छलफलहरूलाई प्रभाव पार्छ।

*समाप्त*

# सङ्गीत, कृत्रिम बुद्धिमत्ता र अन्य चुनौतीहरू

✍ ओनी एकोस्टा लेरेना

समयविरुद्धको दौडमा जुन प्रविधि र कला वर्षौँदेखि संलग्न छ, आर्टिफिसियल इन्टेलिजेन्स (एआई) लाई विभिन्न प्लेटफर्महरूमा सामग्रीको सिर्जनामा बढ्दो प्रयोग हुने उपकरणको रूपमा समावेश गर्दा पहिले नै धेरै आलोचना र समर्थन पनि देखिरहेको छ।

तथाकथित परम्परागत सङ्गीत बजारहरूको अवरोधको लागि धन्यवाद - भौतिक बिक्री, रेकर्ड निर्माण र कलाकार वरपरको मार्केटिङ - भर्चुअल ढाँचाहरूमा बसाइँसराइ र फलस्वरूप, ध्वनि प्रस्तावहरू पहुँच गर्ने तरिकाहरूमा परिवर्तनले विगत २० वर्षमा महत्त्वपूर्ण परिवर्तन देखाएको छ।

धेरै प्रविधि विज्ञहरू, सङ्गीत लेखकहरू र शिक्षाविद्हरूका लागि, यसले कानुनको सन्दर्भमा नयाँ 'खेलका नियमहरू' को सन्दर्भमा वर्षौँदेखि डरलाग्दो डेटामा अनुवाद गरेको छ- र प्रतिलिपि अधिकार नियमहरूको परिणामस्वरूप अनुप्रयोग र परिमार्जन-साहित्यिक चोरीको अवधारणा, नैतिक सिद्धान्तहरू र डिजिटल सामग्रीको जोखिम बढ्दै गएको संसारमा कलाकारितामा बढ्दो प्रविधिले वास्तविक अनुप्रयोगको उत्पादनको आनन्द बिर्साइदिन्छ।

सङ्गीतको भर्चुअलाइजेसन अपरिवर्तनीय दिशामा गइरहेको छ र चाहे हामीलाई यो मन परेको होस् वा नहोस्, हामीले यो मोडालिटीको साथ बाँच्नुपर्ने भएको छ।

मानवताको प्राविधिक विकासहरू कला र विशेष गरी सङ्गीतसँग धेरै नजिकबाट जोडिएका छन्; यसका लागि धन्यवाद। कुनै समय कल्पना गर्न नसकिने उपकरणहरू अब विधाहरूको प्रतिमानहरू हुन् र वास्तविक virtuosos द्वारा उत्कृष्ट भएका छन्।

इलेक्ट्रिक गिटार र बास, सिन्थेसाइजर (किबोर्ड), मिडी प्रणालीको निर्माण, सङ्गीत लेखन र सम्पादन कार्यक्रम र अन्य वैज्ञानिक आविष्कारहरू नयाँ ध्वनि भाषामा कोसेढुङ्गा भएका छन्।

आज सङ्गीत उद्योगले आफ्नो इकोसिस्टममा एआईको नवीनतम प्रगति थपिरहेको छ, जबकि एकै साथ पेसाको ठुलो भागबाट अस्वीकार र शङ्काको सामना गरिरहेको छ। कलाकारको प्रभाव कहाँ पुग्छ र कार्यक्रमको प्रभाव कहाँबाट सुरु हुन्छ ? के प्रक्रियामा रचनात्मकता छ ? अनगिन्ती भण्डारण गरिएको डाटामा आधारित कार्य सिर्जना गर्नु नैतिक हो ? छलफलहरू थप ठाउँको योग्य छन् र बेवास्ता गर्नु हुँदैन। क्युबामा धेरै वर्षदेखिको सङ्गीतको



त्यहाँ स्पष्ट रूपमा धेरै प्रश्नहरू र केही जवाफहरू छन्।

हाम्रो देशमा, एआई पहिले नै सङ्गीत क्षेत्रमा विभिन्न उद्देश्यका लागि प्रयोग भइरहेको छ। यी विशाल ज्ञान र वास्तविक, बनावटी नभएको, इतिहास र विश्वव्यापी साउन्डस्केपभित्र यसको प्रवेशलाई मौलिक अवधारणाको रूपमा स्थापित गर्ने सन्दर्भमा विवाद तीव्र भएको छ।

धेरैले प्रश्न गर्छन् किन हामी एल्गोरिदम र लगभग अपरिहार्य परियोजना भिन्नताहरूमा निर्मित दृष्टिकोणबाट स्रोतहरू प्रयोग गर्छौं जब हामीसँग कमिसन गरिएको सङ्गीत वा कलाकारको रचनात्मक परिप्रेक्ष्यबाट स्वतन्त्र कार्यहरू सिर्जना गर्ने ठोस परम्परा छ।

तिनीहरू पनि तर्क गर्छन् कि एआईको प्रयोगमा रूपात्मक जटिलता वा विषयगत वा भोकल विकासबिना विषयवस्तुको प्रसार सत्य हो यदि हामीले खातामा लियौं - र म सहमत छु - फिल्म, टीभी, थिएटर, राजनीतिक अभियान र थपमा योगदान गर्नेहरूको इतिहास।

मुद्दा निस्सन्देह एक राम्रो रेखाद्वारा चिन्हित गरिएको छ जहाँ विभिन्न दृष्टिकोणहरू मिल्दछ, विभिन्न वास्तविकता र उद्देश्यहरू प्रतिनिधित्व गर्दछ। र, जब एक सङ्गीतकारले आफ्नो कामको लागि एआईमा वैध रूपमा भर पर्न सक्छ, सबैभन्दा ठुलो डर र जहाँ नैतिकताले महत्त्वपूर्ण भूमिका खेल्छ यो उपकरण अप्रशिक्षित र अनुभवहीनले प्रयोग गर्नेछ। अन्तमा, मलाई लाग्छ, जनताको सोच र भनाइ अन्तिम हुनेछ।



प्यालेस्टिनको गाजापट्टीस्थित गाजा सहरमा इजरायली विध्वंसकारी आक्रमणमा मारिएका १०५ जना पीडितको शव अवशेषलाई संस्कारपूर्वक अन्त्येष्टि गरिँदै अक्टोबर १, २०२६ को दिन । २०२३ को अक्टोबर २५ का दिन भएको बमबारीमा मारिएकाहरूको शवलाई त्यतिखेर त्यतिकै जमिनमुनि सुरक्षित गरिएको थियो ।
*तस्बिर : रिजेक अब्देलजवाद/सिन्हवा*

# अस्ट्रेलियामा रोजगारी घट्दै

क्यानबेरा, १६ असोज (सिन्हवा) । अस्ट्रेलियामा रोजगारीका लागि उपलब्ध रिक्त पदको सङ्ख्या लगातार दोस्रो तीन महिनाको अवधिमा घटेको छ । यसले देशको श्रम बजारमा केही क्षेत्रमा कामदारको माग कमजोर हुँदै गएको सङ्केत गरेको छ । अस्ट्रेलियाली तथ्याङ्क ब्युरोले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्कअनुसार अगस्टसम्मको तीन महिनामा रोजगारीका रिक्त पद ०.९ प्रतिशतले घटेका छन् । यस अवधिमा कुल रिक्त पद ३ हजारले घटेर ३ लाख २५ हजार पुगेका छन् ।

यसअघि मेसम्मको तीन महिनामा पनि रोजगारीका रिक्त पद २.२ प्रतिशतले घटेका थिए । यसरी लगातार दुई अवधिमा रिक्त पद घट्नुले अस्ट्रेलियाको रोजगारी बजारमा मागको अवस्था केही कमजोर बनेको देखाएको छ ।

**निजी क्षेत्रमा बढी गिरावट**

रोजगारीका रिक्त पदमा आएको पछिल्लो गिरावट मुख्य रूपमा निजी क्षेत्रबाट भएको हो । अगस्टसम्मको तीन महिनामा निजी क्षेत्रका रिक्त पद २ प्रतिशत अर्थात् ५ हजार ८ सयले घटेका छन् ।

यसको विपरीत, सार्वजनिक क्षेत्रमा भने रिक्त पद बढेका छन् । सोही अवधिमा सार्वजनिक क्षेत्रका रिक्त पद ७.८ प्रतिशत अर्थात् २ हजार ८ सयले वृद्धि भएका छन् । यसले निजी र सार्वजनिक क्षेत्रको रोजगारी मागबिच फरक अवस्था देखाएको छ । निजी क्षेत्रमा नयाँ कर्मचारी आवश्यक पर्ने पदको सङ्ख्या घट्दा सार्वजनिक क्षेत्रमा भने थप कर्मचारी आवश्यक पर्ने पद बढेका छन् ।

**थोक व्यापारमा ठूलो गिरावट**

उद्योगअनुसार हेर्दा थोक व्यापार क्षेत्रमा रोजगारीका रिक्त पद सबैभन्दा धेरै घटेका छन् । यस क्षेत्रमा रिक्त पद १८ प्रतिशतले कम भएका छन् ।

त्यसपछि व्यावसायिक, वैज्ञानिक तथा प्राविधिक सेवा क्षेत्रमा १७.३ प्रतिशतको गिरावट आएको छ । यी क्षेत्रहरूमा आएको ठूलो गिरावटले समग्र निजी क्षेत्रका रिक्त पद घटाउन महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

सबै क्षेत्रमा रिक्त पद घटेका भने छैनन् । खुद्रा व्यापार क्षेत्रमा रिक्त पद २४.५ प्रतिशतले बढेका छन् । उद्योगगत रूपमा यो सबैभन्दा ठूलो वृद्धि हो । त्यस्तै, वित्तीय तथा बीमा सेवामा रिक्त पद १४.१ प्रतिशतले बढेका छन् । यसले केही ग्राहकसँग प्रत्यक्ष सम्बन्धित तथा सेवा क्षेत्रहरूमा कर्मचारीको माग अझै बलियो रहेको देखाउँछ ।

**वार्षिक अवस्थासमेत कमजोर**

अगस्टसम्मको एक वर्षको अवधिलाई तुलना गर्दा अस्ट्रेलियामा रोजगारीका रिक्त पद १.३ प्रतिशतले घटेका छन् । अर्थात् एक वर्षअघि भन्दा अहिले उपलब्ध रोजगारीका खाली पदको सङ्ख्या केही कम भएको छ ।

अस्ट्रेलियाको पछिल्लो रोजगारी तथ्याङ्कले श्रम बजारमा एकरूपको अवस्था नभएको देखाउँछ । निजी क्षेत्रमा विशेष गरी थोक व्यापार तथा व्यावसायिक सेवाजस्ता क्षेत्रमा कर्मचारीको माग घटेको छ । तर, खुद्रा व्यापार, वित्तीय तथा बीमा सेवा र सार्वजनिक क्षेत्रमा भने रिक्त पद बढेका छन् । त्यसैले समग्रमा रोजगारीका रिक्त पद घटे पनि सबै उद्योगमा समान रूपमा रोजगारीको माग कमजोर भएको भन्न मिल्दैन । कुन क्षेत्रमा रोजगारी खोज्ने भन्ने आधारमा अवसरको अवस्था फरक रहेको पछिल्लो तथ्याङ्कले देखाएको छ ।

# इथियोपियामा ड्रोन आक्रमणको आशङ्का, क्षेत्रीय तनाव बढ्यो

अदिस अबाबा, १६ असोज (एएफपी) । इथियोपियाको राजधानी अदिस अबाबामा रहेको सेनाको मुख्यालयमा यसै साता भएका विस्फोट ड्रोन आक्रमणका कारण भएको हुनसक्ने एक कूटनीतिक स्रोतले शुक्रबार जनाएको छ । उत्तरी क्षेत्रमा विद्रोहीसँगको सङ्घर्ष चर्किएपछि इथियोपिया, इरिट्रिया र इजिप्टबिचको कूटनीतिक तनावसमेत बढेको छ । गत साता उत्तरी इथियोपियामा टिग्रे जनमुक्ति मोर्चाले सङ्घीय सेनाविरुद्ध आक्रमण सुरु गरेपछि नयाँ द्वन्द्व भड्किएको हो । यसले सन् २०२० देखि २०२२ सम्म चलेको विनाशकारी गृहयुद्ध पुन: दोहोरिन सक्ने चिन्ता बढाएको छ ।

इथियोपिया सरकारले विद्रोहीलाई इरिट्रियाले सहयोग गरिरहेको आरोप लगाउँदै बिहीबार इरिट्रियासँग कूटनीतिक सम्बन्ध तोडेको छ । इथियोपियाले १० जना इरिट्रियाली कूटनीतिज्ञलाई देश निकाला गर्नुका साथै अस्मारास्थित आफ्नो दूतावास बन्द गरेको छ । जवाफमा इरिट्रियाले पनि सबै कूटनीतिक सम्बन्ध तोड्ने जनाएको छ ।

इथियोपियाले एक इजिप्टेली कूटनीतिज्ञलाई समेत देश निकाला गरेको छ । त्यसपछि इजिप्टले पनि प्रतिशोधस्वरूप एक इथियोपियाली कूटनीतिज्ञलाई देश निकाला गरेको छ । नाइल नदीमा इथियोपियाले निर्माण गरेको विशाल बाँधका विषयमा दुई देशबिच लामो समयदेखि विवाद रहँदै आएको छ । उत्तरी क्षेत्रमा भने विद्रोहीहरू केही स्थानबाट पछि हटेको दाबी गरिएको छ । मानवीय सहायता स्रोतका अनुसार विद्रोहीले कब्जा गरेको एरेब्ती सहरबाट पछि हटेका छ । सरकार समर्थित समूहले एरेब्ती र दक्षिणी टिग्रेको मायचेउ पुन: कब्जा गरेको दाबी गरेको छ । सञ्चार अवरोधका कारण यी दाबी स्वतन्त्र रूपमा पुष्टि गर्न कठिन छ ।

राजधानीमा भएको विस्फोटबारे सरकार र सेनाले प्रतिक्रिया दिएका छैनन् । कूटनीतिक स्रोतका अनुसार व्यावसायिक ड्रोनलाई विस्फोटक पदार्थसहित सैन्य प्रयोजनमा प्रयोग गरिएको हुन सक्ने आशङ्का छ ।

अफ्रिकी सङ्घले इथियोपिया, इरिट्रिया र इजिप्टबिच बढ्दो तनावप्रति चिन्ता व्यक्त गर्दै सबै पक्षलाई संयमता अपनाउन आग्रह गरेको छ ।

# नोबेल शान्ति पुरस्कारका दाबेदारमा अन्तरिक्ष स्टेसन

स्टयाभेन्जर (नर्वे), १६ असोज (एपी) । यस वर्षको नोबेल शान्ति पुरस्कारको सम्भावित दाबेदारमा अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसन, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीसहित सुडानका आपत्कालीन राहतकर्मी र युक्रेनका बालअधिकार अभियन्ताको नाम चर्चामा आएको छ ।

यस वर्ष पुरस्कारका लागि २८७ जना उम्मेदवार मनोनयनमा परेका छन् । नर्वेजियन नोबेल समितिले अक्टोबर ९ मा विजेताको घोषणा गर्नेछ । शान्ति अनुसन्धान संस्थान ओस्लोका निर्देशक हाकोन जेर्लोउले अन्तर्राष्ट्रिय सहकार्य कमजोर भइरहेका बेला अन्तरिक्ष स्टेसन विभिन्न देशबिचको सहकार्यको दुर्लभ प्रतीक रहेको बताउनुभएको छ ।

सम्भावित दाबेदारको सूचीमा युक्रेनी बालअधिकार अभियन्ता माइकोला कुलेबा, सेभ द चिल्ड्रेन, सुडानको आपत्कालीन प्रतिक्रिया कक्ष तथा पत्रकारहरूको सुरक्षा गर्ने कमिटी टु प्रोटेक्ट जर्नलिस्ट्स पनि छन् । अन्तर्राष्ट्रिय न्याय अदालत र अन्तर्राष्ट्रिय फौजदारी अदालतको नाम पनि चर्चामा छ ।

यस वर्षको पुरस्कार सुडान, युक्रेन, यमन, इरान तथा मध्यपूर्वमा जारी युद्ध र द्वन्द्वको पृष्ठभूमिमा घोषणा हुँदैछ । सन् १९९७ की नोबेल शान्ति पुरस्कार विजेता जोडी विलियम्सले महिलालाई पुरस्कार दिनुपर्ने अपेक्षा व्यक्त गर्नुभएको छ । चर्चामा रहेका महिला दाबेदारमा गाजाकी शल्यचिकित्सक सारा अल-सक्का र रुसी विपक्षी नेता एलेक्सी नाभाल्नीकी विधवा युलिया नाभाल्नायाको नाम छ ।

नोबेल पुरस्कार शृङ्खला सोमबार चिकित्साशास्त्रबाट सुरु हुनेछ भने शान्ति पुरस्कार शुक्रबार घोषणा गरिनेछ । यस वर्ष पुरस्कारको रकम एक करोड २० लाख स्विडिस क्रोनर रहेको छ ।

## विश्व सङ्क्षेप

# मतदाता सूची विवादमा भारतमा आन्दोलन चर्कियो

नयाँदिल्ली, १६ असोज (एपी) । भारतको विवादास्पद मतदाता सूची संशोधनको विरोध गर्दै मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामा मागेर भारतका विभिन्न सहरमा आन्दोलन चर्किएको छ । आन्दोलनमा निर्वाचन प्रक्रिया, सरकारी जवाफदेहिता र लोकतान्त्रिक संस्थासम्बन्धी विषयलाई समेत मुद्दा बनाएको छ । मतदाता सूचीको 'विशेष गहन संशोधन' लाई लिएर निर्वाचन आयोगमाथि दबाब बढेको छ । आलोचक तथा विपक्षी दलहरूले प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टीलाई फाइदा पुग्ने गरी मतदाता सूचीमा परिवर्तन गरिएको आरोप लगाएका छन् । निर्वाचन आयोग र सरकारले भने कुनै गलत काम नभएको दाबी गरेका छन् ।

गत महिना 'इन्डियन एक्सप्रेस' ले तीन सदस्यीय निर्वाचन आयोगका दुई आयुक्तले मतदाता सूची संशोधन, दर्ता प्रक्रिया र डिजिटल प्रणालीसम्बन्धी केही निर्णयमा आपत्ति जनाएको उल्लेख गरेको थियो । आयोगले भने त्यसलाई औपचारिक लिखित आपत्ति नभई आयुक्तहरूबिचको 'भिन्न विचार र छलफल' का रूपमा व्याख्या गरेको थियो ।

बिहारबाट सुरु भएको मतदाता सूची संशोधन अधिकांश राज्य तथा सङ्घीय प्रशासित क्षेत्रमा विस्तार भएको छ । आलोचकहरूले आवश्यक कागजात जुटाउन कठिन भएकाले लाखौं योग्य मतदाता सूचीबाट छुट्न सक्ने बताएका छन् । निर्वाचन आयोगले भने दोहोरो तथा अयोग्य नाम हटाई योग्य मतदातालाई सूचीमा कायम राख्नु संशोधनको उद्देश्य रहेको बताइरहेको छ ।

# अमेरिकाद्वारा क्षेप्यास्त्र उत्पादन बढाउन सम्झौता

वासिङ्टन, १६ असोज (एएफपी) । अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले इरानविरुद्धको युद्धमा खर्च भएको हतियारको भण्डार पुन:पूर्ति गर्न एसएम-६ क्षेप्यास्त्रको उत्पादन बढाउन रेथियोनलाई २४ अर्ब ४० करोड अमेरिकी डलरको सम्झौता दिने घोषणा गरेको छ ।

पाँच वर्षका लागि हुने सम्झौतामा थप दुई वर्षका विकल्पसमेत छन् । पेन्टागनले एसएम-६ लाई हवाई प्रतिरक्षा तथा सतहविरुद्ध प्रयोग हुने महत्त्वपूर्ण क्षेप्यास्त्रका रूपमा उल्लेख गर्दै सम्झौताले रक्षा उद्योगलाई जनशक्ति र आपूर्ति शृङ्खला विस्तार गर्न दीर्घकालीन योजना बनाउन सहयोग पुग्ने जनाएको छ ।

अमेरिकी रक्षा विभागका महानिरीक्षकले गत महिना इरानविरुद्धको 'अपरेसन एपिक फ्युरी' मा भएको हतियार खर्चले रणनीतिक भण्डारमा कमी ल्याएको तथा हतियार पुन:पूर्तिमा औद्योगिक क्षमतासम्बन्धी समस्या देखिएको बताएका थिए । कङ्ग्रेसनल बजेट कार्यालयले पनि सेप्टेम्बर १५ को प्रतिवेदनमा अमेरिकासँग धेरै वर्षसम्म इन्टरसेप्टर क्षेप्यास्त्रको सीमित भण्डार रहने उल्लेख गरेको थियो ।

रेथियोनले एसएम-६ अमेरिकी नौसेनाका पानीजहाज तथा स्थलबाट प्रक्षेपण गर्ने प्रणालीबाट सफलतापूर्वक प्रयोग गरिएको जनाएको छ । कम्पनीका अध्यक्ष फिल जास्परले उत्पादन क्षमता बढाउन आफ्ना सञ्चालन तथा उत्पादन केन्द्रमा निरन्तर लगानी भइरहेको बताउनुभयो ।

यसैबिच, अमेरिका र इजरायलको इरानमाथिको आक्रमण सुरु भएको सात महिनाभन्दा बढी समयपछि पनि तेहरानले हर्मुज जलघाँटीमाथि नियन्त्रण कायम राखेको बताइएको छ । 'वाल स्ट्रिट जर्नल' का अनुसार राष्ट्रपति डोनाल्ड ट्रम्पले नोभेम्बरको अन्त्यसम्म इरानमाथि पुन: बमबारी गर्ने अपेक्षा सहयोगीहरूलाई बताउनुभएको छ ।

# इजिप्टमा छ जना पत्रकार पक्राउ

न्युयोर्क, १६ असोज (एपी) । इजिप्टका अधिकारीहरूले स्वतन्त्र सञ्चारमाध्यम मात्सादासका छ जना पत्रकारलाई प्रतिबन्धित मुस्लिम ब्रदरहुडसँग सम्बन्धित रहेको आरोपमा पक्राउ गरेका छन् । घटनापछि अन्तर्राष्ट्रिय तथा क्षेत्रीय अधिकार समूहहरूले पत्रकारहरूको रिहाइको माग गरेका छन् ।

अधिकारीहरूले विदेशी कोषको बदलामा अनलाइन माध्यमका लागि झुटा समाचार उत्पादन गरेको आरोप लगाएका छन् । तर मात्सादासका सहसंस्थापक अब्देलरहमान मन्सुरले आरोप अस्वीकार गर्दै पक्राउ परेका पत्रकारहरू कहाँ छन् भन्नेबारे उनीहरूका परिवारलाई समेत जानकारी नभएको बताउनुभएको छ । उहाँले उनीहरूलाई सकुशल रिहा गर्न माग गर्नुभयो ।

मात्सादासले इजिप्टसहित अन्य अरब मुलुकमा खोजमूलक पत्रकारिता गर्दै आएको छ । इजिप्टमा यसको वेबसाइट अवरुद्ध भए पनि फेसबुकमा १० लाखभन्दा बढी फलोअर छन् । इजिप्टको गृह मन्त्रालयले भने मन्सुरले भारतबाट सञ्चालन गरेको अनुमतिविहीन माध्यमका रूपमा उल्लेख गर्दै पक्राउ परेका पत्रकारहरू मुस्लिम ब्रदरहुडको 'मिडिया कमिटी' का सदस्य रहेको आरोप लगाएको छ ।

मन्सुरका अनुसार पत्रकारहरू सोमबार र मङ्गलबार विभिन्न स्थानबाट पक्राउ परेका थिए । उनीहरूका मोबाइल फोन र कम्प्युटर जफत गरिएको छ । व्यक्तिगत अधिकारका लागि इजिप्सियन इनिसिएटिभले पत्रकारहरूलाई परिवार वा कानुनी टोलीसँग सम्पर्क गर्न नदिइएको र उनीहरू कहाँ छन् भन्ने स्पष्ट नभएको जनाएको छ ।

ह्युमन राइट्स वाच र रिपोर्टर्स विदाउट बोर्डर्ससहित ८० भन्दा बढी अधिकार समूह तथा नागरिक समाज संस्थाले पत्रकारहरूको रिहाइको माग गरेका छन् । उनीहरूले मात्सादासले सार्वजनिक चासोका विषयमा विश्वसनीय समाचार दिँदै आएको बताएका छन् ।

सन् २०१३ मा तत्कालीन राष्ट्रपति मोहम्मद मोर्सीलाई सेनाले अपदस्थ गरेपछि इजिप्टले मुस्लिम ब्रदरहुडलाई आतङ्कवादी सङ्गठन घोषणा गरेको थियो । त्यसयता पत्रकार तथा सरकारका आलोचकलाई उक्त समूहसँग सम्बन्धित रहेको वा झुटा समाचार फैलाएको आरोप लगाइँदै आएको छ ।

*राजनीतिक...*

चर्चा गर्दै उहाँले संसारमा प्रदूषण रोक्न न्यायप्रेमी जनता पुँजीवाद र साम्राज्यवादविरूद्ध उठ्नुपर्छ भन्नुभयो ।

पार्टीका अर्का केन्द्रीय सदस्य बखतबहादुर थापाले गलत मानिसको सङ्गतबाट असल मानिस पनि फसाइन सक्नेप्रति सचेत हुनुपर्ने आवश्यकता औंल्याउँदै नेमकिपाका कार्यकर्ताहरूले देश र जनताको नि:स्वार्थ सेवा गरिरहेका छन् भन्नुभयो ।

नेमकिपा बर्दियाका अध्यक्ष हरिलाल न्यौपानेले गएको वर्ष भदौ २३ मा उपद्रो मच्चाउनेहरूले नेपाललाई अर्को देशविरूद्ध प्रयोग गराउन खोजेका छन् भन्नुभयो ।

"आर्थिक समृद्धिका लागि बाराही सहकारी"

## श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.

Shree Barahi Saving & Credit Co-operative Society Ltd.

ACCESS BRONZE

भुलाँचा-४, भक्तपुर, फोन नं. ६६११३६४

### २७ औं वार्षिक साधारणसभामा उपस्थित हुनेसम्बन्धी सूचना

संस्थाका वयोवृद्ध सदस्य नं. १५४९ का **कृष्णमाया खर्बुजाज्यूबाट** उद्घाटन हुने संस्थाको **२७ औं वार्षिक साधारणसभा** निम्न मिति, समय र स्थानमा हुने भएकोले यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारण सभा हुने मिति, समय र स्थान**

**मिति** : २०८३ आश्विन १७ गते, शनिबार
**स्थान** : शुभकामना पार्टी प्यालेस, भक्तपुर
**उपस्थिति समय** : बिहान ९:०० बजेदेखि दिउँसो १:०० बजेसम्म

## श्रद्धा बचत तथा ऋण सहकारी संस्था लि.

भक्तपुर-७, जगाती, फोन नं.: ०१-६६१४७२०

### १९ औं वार्षिक साधारणसभामा उपस्थिति हुने सम्बन्धमा

यस संस्थाको सञ्चालक समितिको २०८३/०५/१५ गतेको बैठकको निर्णयअनुसार निम्न मिति, समय र स्थानमा तपसिलको विषयमाथि छलफल गर्ने गरी १९ औं वार्षिक साधारणसभा हुने व्यहोरा जानकारी गराउँदै उपस्थितिको लागि अनुरोध गर्दछ ।

**कार्यक्रम**

**मिति** : २०८३ असोज १७ गते, शनिबार
**समय** : बिहान ११ बजे (उद्घाटन कार्यक्रम)
**स्थान** : भ.न.पा.-४, ग:पली, सूर्यविनायक पार्टी भेन्यू
**उपस्थिति पुस्तिका बिहान ८:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म उपस्थित पुस्तिका खुला गरिनेछ ।**

**पुनश्च** :

१) साधारणसभामा उपस्थित हुँदा संस्थाको पासबुक अनिवार्य लिई आउनुहोला ।
२) ६ महिनाभन्दा बढी नियमित बचत नगर्ने तथा भाका नाघेका ऋणी सदस्यहरूलाई साधारणसभामा प्रदान गरिने सुविधा दिन बाध्य हुनेछैन ।
३) शेयर लाभांश २०८३/०६/२६ र २७ गते कार्यालय भवनबाट वितरण गरिनेछ । समय बिहान १०:०० बजेदेखि ३:०० बजेसम्म ।

'लोकेश्वर साकोसको प्रतिबद्धता-वित्तीय र सामाजिक विकासमा तिव्रता'

## लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.

इताछें-२, भक्तपुर, फोन नं.: ६६१९०६८

### १९ औं वार्षिक साधारणसभा तथा छैटौं अधिवेशनसम्बन्धी सूचना

यस संस्थाको १९ औं वार्षिक साधारणसभा तथा छैटौं अधिवेशन कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्यहरूमा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१९ औं वार्षिक साधारणसभा तथा छैटौं अधिवेशन**

**मिति** : २०८३ असोज १७ गते, शनिबार
**स्थान** : सिद्धपोखरी पार्टी प्यालेस, इनागा, भाज्या पुखु, भक्तपुर-१
**समय** : बिहान १०:३० बजेदेखि २:०० बजेसम्म

**पुनश्च** :

शेयर सदस्यहरूको शेयर लाभांश रकम र संरक्षित पुँजी फिर्ता कोषको बाँकी रकम साधारणसभाबाट पारित भएपछि सदस्यहरूको नियमित बचत खातामा जम्मा गरिदिनेछ र सो रकममा नियमित बचत सरह ३% ब्याज प्रदान गरिने र आवश्यक हुने सदस्यहरूले २०८३ असोज १९ गतेदेखि २२ गतेसम्म तपसिलबमोजिम सदस्य नम्बरअनुसार कार्यालयबाट प्राप्त गर्न सक्नेछ ।

| क्र.सं. | लाभांश वितरण मिति | वितरण गर्ने सदस्यहरूको विवरण |
|---|---|---|
| १ | २०८३/०६/१९ | सदस्य नं. १ देखि ६५० सम्म |
| २ | २०८३/०६/२० | सदस्य नं. ६५१ देखि १३०० सम्म |
| ३ | २०८३/०६/२१ | सदस्य नं. १३०१ देखि १९५० सम्म |
| ४ | २०८३/०६/२२ | सदस्य नं. १९५१ देखि माथिका सबै सदस्यहरू |

**अनुरोधक**
**सञ्चालक समिति**

## निभा पुच: बचत तथा ऋण सहकारी संस्था लि.

इटाछें, भक्तपुर-२ (साबिक १५) फोन नं.: ०१-६६१४६०४

### १९ औं वार्षिक साधारणसभासम्बन्धी सूचना

यस संस्थाको मिति २०८३ भदौ २० गतेको सञ्चालक समितिको बैठकको निर्णयानुसार १९ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछ ।

**छलफलका विषयहरू** :

१) आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन सम्बन्धमा ।
२) आ.व. २०८२/०८३ को आयव्यय विवरण तथा आ.व. २०८३/०८४ को अनुमानित बजेट सम्बन्धमा ।
३) आ.व. २०८२/०८३ को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
४) आ.व. २०८२/०८३ को लेखा परीक्षकको प्रतिवेदन र आ.व. २०८३/०८४ को संस्थाको लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक तोक्ने सम्बन्धमा ।
५) साधारणसभाको निर्णयपुस्तिका प्रमाणित गर्ने प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
६) सञ्चालक समितिबाट भएका विभिन्न निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा ।
७) विविध ।

**कार्यक्रम**

**मिति** : २०८३ असोज २४ गते, शनिबार
**स्थान** : निभा पुच: साकोस कार्यालय, इटाछें, भक्तपुर-२ (साबिक १५)
**समय** : बिहान ८:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म

**नोट** : कार्यक्रममा उपस्थिति हुँदा सम्बन्धित व्यक्तिको परिचय खुल्ने पत्र लिई उपस्थिति हुनुहोला ।

**सञ्चालक समिति**

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

### अन्तर्वार्तासम्बन्धी सूचना

यस नगरपालिकाको लागि आवश्यक जनशक्तिमध्ये शिक्षिका- २ पदका लागि लिइएको लिखित र हेभी ड्राइभर- २ पदको लागि लिइएको प्रयोगात्मक परीक्षामा सफल देहायबमोजिमका उम्मेदवारहरूलाई निम्न मिति, समय र स्थानमा हुने अन्तर्वार्तामा आवश्यक कागजातसहित उपस्थित भइदिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि भ.न.पा. प्रशासन शाखामा सम्पर्क गर्नुहोला ।

**सफल उम्मेदवारहरूको नामावली**

पद: शिक्षिका सहायकस्तर चौथो

| क्र.सं. | सि.नं. | नामथर | ठेगाना | क्र.सं. | सि.नं. | नामथर | ठेगाना |
|---|---|---|---|---|---|---|---|
| १ | ८१ | अन्जना प्रजापति | भनपा ९ | १३ | ८२ | रमिता कोजु | भनपा ७ |
| २ | १३१ | असलमाया तुईतुई | भनपा २ | १४ | ८ | रेश्मी हालेयो जोशी | भनपा ४ |
| ३ | ८० | कृष्णकेशरी कुस्मा | भनपा ६ | १५ | ७५ | रोशनी किसी | सूनपा ७ |
| ४ | १५७ | कृष्णलिला बुढाथोकी | भनपा २ | १६ | ३३ | शिलु कायस्थ | मध्यपुर ४ |
| ५ | ५५ | गंगा घटुवा | भनपा १० | १७ | १३२ | शोभा धोजु | भनपा ३ |
| ६ | ३८ | तुल्सीलक्ष्मी शिल्पकार | भनपा ७ | १८ | ११० | शुशिला सायजु | भनपा ७ |
| ७ | ६ | दिया गोसाई | भनपा ८ | १९ | २ | स्नेहा शाक्य | भनपा ७ |
| ८ | १ | पार्वती बस्नेत | भनपा ११ | २० | ७ | सचिता देउला | भनपा ५ |
| ९ | १७ | पूजा त्वायना | भनपा ३ | २१ | १६९ | सुजिना श्रेष्ठ (धोजु) | भनपा ८ |
| १० | ९९ | पुण्यश्वरी सुलु | भनपा ५ | २२ | १९ | सुलोचना राजलवत खत्री | भनपा १ |
| ११ | १७६ | प्रिया भट्ट | भनपा ३ | २३ | ६१ | सोनिया ठगुन्ना | भनपा ५ |
| १२ | ४ | मैया ख्याजु | भनपा ५ | | | | |

**अन्तर्वार्ता**

**मिति** : २०८३/०६/२२ गते, बिहीबार
**समय** : बिहान ८:०० बजेदेखि
**स्थान** : भ.न.पा सभाकक्ष
**पद** : हेभी ड्राइभर

| क्र.सं. | सि.नं. | नामथर | ठेगाना | क्र.सं. | सि.नं. | नामथर | ठेगाना |
|---|---|---|---|---|---|---|---|
| १ | ८ | आशिक कासुला | भनपा ९ | ५ | ९ | बिक्रम पोडे | भनपा ५ |
| २ | २ | आशिष ब्यान्जु | भनपा ९ | ६ | १२ | बिटु पोडे | भनपा ५ |
| ३ | १३ | कृष्ण छुकां | भनपा ४ | ७ | ७ | राजेश भैनात्व | भनपा ८ |
| ४ | ११ | कृष्णप्रसाद सुलु | भनपा ३ | ८ | १ | रुकेश गाईजु | भनपा ८ |

**अन्तर्वार्ता**

**मिति** : २०८३/०६/२३ गते, शुक्रबार
**समय** : बिहान ८:०० बजेदेखि
**स्थान** : भ.न.पा. सभाकक्ष

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

## ख्वप कलेज अफ ल

भ.न.पा.-६, देकोचा, भक्तपुर

### सिलबन्दी बोलपत्र, दरभाउपत्र तथा घर भाडामा लिने प्रस्ताव आव्हानको सूचना

**गोरखापत्रमा प्रथमपटक सूचना प्रकाशित मिति : २०८३/०६/१६ गते**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित **ख्वप कलेज अफ ल**को शैक्षिक तथा प्रशासनिक कार्यक्रमहरू विस्तार गर्नका लागि तपसिलमा उल्लेखित विविध निर्माण कार्य, फर्निचर खरिद तथा घर भाडामा लिनुपर्ने भएकोले इच्छुक योग्यता पुगेका इजाजत प्राप्त व्यवसायी तथा घर धनीहरूले इजाजत प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र तथा आ.व. २०८१/८२ को कर चुक्ता र आ.व. २०८२/८३ मा कर तिरेका प्रमाणहरू एवं घर भाडामा दिन चाहने घर धनीहरूले घर/जग्गाको लालपुर्जा, घर तथा जग्गाको आ.व. २०८२/८३ सम्मको तिरो तिरेको रसिदको प्रतिलिपि संलग्न गरी सिलबन्दी बोलपत्र, सिलबन्दी दरभाउपत्र तथा सिलबन्दी प्रस्ताव तपसिलमा उल्लेखित म्यादभित्रमा **ख्वप कलेज अफ ल**को प्रशासन शाखामा दर्ता गर्नुहुन सरोकारवाला सम्पूर्णमा सूचित गरिन्छ । बोलपत्र, दरभाउपत्र तथा घर भाडासम्बन्धी फारामहरू **ख्वप कलेज अफ ल**को लेखा शाखामा दस्तुर बुझाइ जिन्सी शाखाबाट लिन सकिनेछ ।

| क्र.सं | ठेक्का नं. | कामको विवरण | फाराम दस्तुर | फाराम लिने तथा बुझाउने अन्तिम मिति | बोलपत्र/दर भाउपत्र खोल्ने र जमानत रकम |
|---|---|---|---|---|---|
| १ | Procurement of Construction of Hall NCB/WORKS/KCL/ HALL/ 083/84 | पुरानो टहरामा कलेजले तयार गरेको नाप नक्साअनुसार हल बनाउने कार्य | रू. ३,००० | सिलबन्दी बोलपत्र २०८३ कार्तिक १६ गते बिहान १२:०० बजेसम्म मात्र | २०८३ कार्तिक १६ गते दिउँसो १:०० बजे, बोलपत्र जमानत रू. ७०,०००।- |
| २ | Procurement of Supply and Delivery of Furniture SQ/GOODS/KCL/ FURNITURE/083/84 | कलेजको लागि आवश्यक कलेजले तयार गरेको नाप नक्साअनुसार सिङ्गल सिटर टेबल ९० थान र मेच ९० थान खरिद गर्नुपर्ने | रू. १,००० | सिलबन्दी दरभाउपत्र २०८३ कार्तिक ९ गते बिहान १२:०० बजेसम्म मात्र | २०८३ कार्तिक ९ गते दिउँसो १:०० बजे, दरभाउपत्र जमानत रू. ४८,०००।- |
| ३ | Procurement Proposal for Building Rental SQ/KCL/BUILDING RENT/083/84 | ख्वप कलेज अफ ल सञ्चालित ठाउँबाट बढीमा १०० मिटरको दुर भित्र पर्ने, कम्तीमा ९०० देखि १२०० वर्गफिट प्लिन्थ एरिया भएको र कम्तीमा ४ तला भएको निर्माणाधीन वा निर्माण सम्पन्न भएको घर भाडामा लिनुपर्ने | रू. १,००० | सिलबन्दी प्रस्ताव २०८३ कार्तिक ९ गते बिहान १२:०० बजेसम्म मात्र | २०८३ कार्तिक ९ गते दिउँसो १:०० बजे |

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा